हिमाली शान्ति

वर्ष २०, अंक १०, नोभेम्बर २०१४

विश्वासबाट एकताको घेरा फराकिलो हुन्छ ।



बारम्बार उद्धृत श्रोतहरु

निचिरेन दाइशोनिनका लेखहरूको पहिलो अध्यायलाई WND-1 र क्रमश दोश्रो अध्यायलाई WND-2 पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

निचिरेन दाइशोनिनको गोशो संग्रहलाई GZ पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

मौखिक रूपमा प्रचार गरिएको उपदेशहरूको रेकर्डलाई OTT पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

Burton Watson (वर्टन वात्सन) द्वारा अनुवाद गरिएको सद्धर्मपुण्डरीक सुत्रलाई LS पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

विषय सूचीः

हिमाली शान्ति नोभेम्बर

सन्देश २
(नेपाल एस.जि.आई. को २० औं साधारण सभाको लागि अध्यक्ष इकेदाको सन्देश)

सम्पादकको कलम ४
(परिवर्तन एक व्यक्तिबाट शुरू हुन्छ)

विजय तर्फ ५
(लिडरको बलियो संकल्प/सपनाहरू र संकल्प)

नेपाल एस.जि.आई. गतिविधि ७
(नेपाल एस.जि.आई. को २० औं साधारण सभा)

छलफल सभाको लागि अध्ययन सामाग्री ९
(मानव सम्बन्ध भित्रका समस्याहरू)

मार्गदर्शन १६
(हामीलाई संस्था किन चाहिन्छ ?)

हामीले आफ्नो कर्म रूपान्तरण गरेर मात्र अरू मानिससंगको समस्याहरूलाई समाधान गर्न सक्छौं । जति धेरै हामीले आफूलाई परिवर्तन गर्छौं, त्यति नै धेरै अरूहरू परिवर्तन हुनेछन् । त्यसकारण, कृपया तपाईको वातावरणलाई ऐनाको रूपमा हेर्ने कुरालाई मनन गर्नुस् जसले तपाईको कस्तो कर्म छ भनेर देखाइरहेको हुन्छ ।

प्रधान सम्पादक : श्रीमती सहना श्रेष्ठ
सह सम्पादक : श्री कृष्ण दवाडी, सुश्री युरिका शाक्य, श्री विजेन श्रेष्ठ
कम्प्युटर कला सल्लाहकार : श्री नविन मानन्धर
रिपोर्टर : सुश्री दिक्षा सिंह
प्रुफ रिर्डर : श्री लक्ष्मण डंगोल

सर्वाधिकार : नेपाल सोका गाक्काई इन्टरनेशनलमा सुरक्षित,

फोन नं : ४०३८५८२, ४०३८५८३, पोब : ७८८, कलंकी, काठमाण्डौ, नेपाल ।
मूल्य : रु ३० ।

नेपाल एसजिआई को २० औं साधारण सभाको उपलक्ष्यमा पठाउनु भएको अध्यक्ष इकेदाको सन्देश

मेरा प्यारा नेपाल एस.जि.आई. का सदस्यहरू जसलाई म हृदयदेखि सम्मान गर्छु ।

नेपाल एस.जि.आई. को २० औं साधारण सभाको उपलक्ष्यमा तपाईहरू प्रति मेरो हार्दिक बधाई छ ।

सन् १९९५ नोभेम्बरमा मेरो पहिलो नेपाल भ्रमणमा मैले काठमाण्डौंबाट हिमालका अग्ला शिखरहरू दर्शन गर्न पाएको थिएं । चम्किला चाँदी जस्ता सेताम्य हिमशिखरहरूका दृष्य अहिले पनि मेरो मनमा ताजै छ ।

मैले नेपालमा विताएका प्रत्येक दिन मेरो जीवनमा स्वर्ण इतिहासका रूपमा कुँदिएका छन् । मेरो नेपाल बसाईका बेला तपाईहरूले प्रदान गर्नुभएको सत्कारका निम्ति म धेरै कृतज्ञ छु । १९ वर्ष वितिसकेको रहेछ । यी वर्षहरूमा तपाईहरूले साँच्चै नै धेरै मेहेनत गर्नुभएको छ । तपाईहरूले प्राप्त गर्नु भएको सफलता र हर्षका साथ तपाईहरूले प्राप्त गर्नु भएको सफलता र हर्षका साथ तपाईहरू एकसाथ अघि बढीरहनु भएको देख्दा निचिरेन दाइशोनिन पनि खुशी हुनुहुनेथ्यो भन्ने कुरामा म विश्वस्त छु । दश दिशा तथा तीन कालका बुद्ध तथा बोधिसत्वहरूले तपाईहरू प्रति प्रशंसाको वर्षा गरिरहने कुरामा कुनै शंका छैन ।

तपाईहरू प्रत्येकको आ-आफ्नै कर्तब्य हुन्छ । दाइशोनिन लेख्नुहुन्छ, "वर्तमान युगमा म्यो हो रेङ्गे क्यो फैलाउनेहरूका वीच कुनै भेदभाव रहने छैन । चाहे त्यो महिला होस् या पुरूष । उनीहरू सबै पृथ्वीका बोधिसत्व नभएका भए नाम् म्यो हो रेङ्गे क्यो प्रार्थना गर्न सक्दैन थिए ।"

मलाई थाहा छ कि तपाईहरू मध्ये यहाँ धेरै जनाको जीवनमा थुप्रै समस्याहरू आईपरेका छन् । मेरा गुरू तोदा सेन्सेइले जीवनको वास्तविकतासंग संघर्ष गरिरहेका सोका गाक्काई सदस्यहरूलाई भन्नुभएको थियो कि, "कहिलेकाँही बाहिरबाट हेर्दा हामी "गरिब बोधिसत्व" वा "रोगी बोधिसत्व" जस्तै देखिए पनि त्यो एउटा हामीले जीवनमा मञ्चन गरेको नाटक जस्तो मात्र हो । वास्तवमा हामी सबै पृथ्वीका सम्माननीय बोधिसत्व हौं ।"

हामीले जीवनमा समस्याहरूको कसरी सामना गर्छौं भन्ने उदाहरणद्वारा हामीले समान किसिमका समस्याहरूसित जुझिरहेका व्यक्तिहरूलाई साहस तथा प्रोत्साहन प्रदान गर्न सक्छौं । जीवनमा जस्तोसुकै कठिन समस्याहरूको सामना गर्नु परेतापनि ती सबै दुःखहरूलाई हामी अद्भूत धर्मको आधार लिएर समाधान गर्न सक्छौं ।

यस प्रकारले हामीले आफू वरिपरिका मानिसहरूलाई साहस तथा आशा प्रदान गर्न सक्छौं र हाम्रो कर्मलाई कर्तब्यका रूपमा रूपान्तरण गर्न सक्छौं ।

म आशा गर्छु कि तपाईहरू हर्ष तथा इताई दोशिन (धेरैतन, एक मन) को भावनाका साथ सुमधुर मित्रभावका साथ अरूलाई प्रोत्साहित तथा संरक्षण गर्दै अघि बढ्नु हुनेछ ।

म अन्तरहृदय देखि आशा गर्छु कि, नेपाल एस.जि.आई. का सम्पूर्ण सदस्यहरू साहसका साथ कोसेनरूफुको सही मार्गमा हिड्नुहुनेछ, आस्था बलियो बनाउन मेहेनत गर्नुहुनेछ, आफ्नो ब्यक्तिगत विकासको वास्तविक प्रमाण देखाउनु हुनेछ ताकि तपाईको परिवार सुखी होउन र तपाईको समुदाय तथा समाजको उन्नति हुंदै जाओस् ।

कृपया उत्कृष्ट नागरिकका रूपमा समाजमा आफ्नो योगदान गर्नुस् र शान्ति तथा सुखको एकत्वलाई फैलाउँदै जानुस् ।

मैले नेपाल एस.जि.आई. का प्यारा सदस्यहरूको सुस्वास्थ्य, परिवारको सुख तथा प्रगतिको निम्ति हरेक दिन अन्तरहृदयदेखि प्रार्थना गरिरहेको छु ।

अन्त्यमा, म मेरा आकांक्षाहरू ब्यक्त गर्न चाहन्छुः

मेरा नेपालका प्यारा सदस्यहरूले जीवनमा महान सुख प्राप्त गर्न सकुन् !

नेपाल एस.जि.आई. ले संधै विजय प्राप्त गर्न सकोस् !

मेरो निम्ति प्यारो देश नेपालमा उत्तरोत्तर समृद्धि होस् !

कृपया आफ्नो स्वास्थ्यको हेरविचार गर्नु होला र आफ्ना परिवारका सम्पूर्ण सदस्यहरूलाई मेरो न्यानो अभिवादन सुनाईदिनुहोला ।

अक्टोबर १७, २०१४

दाइसाकु इकेदा

अध्यक्ष

सोका गाक्काई इन्टरनेशनल

म अन्तरहृदय देखि आशा गर्छु कि, नेपाल एसजिआई का सम्पूर्ण सदस्यहरु साहसका साथ कोसेनरुफुको सही मार्गमा हिड्नुहुनेछ, आस्था बलियो बनाउन मेहेनत गर्नुहुनेछ, आफ्नो व्यक्तिगत विकासको वास्तविक प्रमाण देखाउनु हुनेछ ताकि तपाईंको परिवार सुखी होउन र तपाईंको समुदाय तथा समाजको उन्नति हुंदै जाओस् ।

परिवर्तन एक व्यक्तिबाट शुरु हुन्छ

सोका गाक्काईको स्थापना महिनाको रूपमा स्थापित नोभेम्बर महिना एस.जि.आई. को इतिहासमा महत्वपूर्ण स्थान ओगटेको छ ।

करिब ८४ वर्ष अगाडि एक शिक्षक चुनेसाबुरो माकिगुचिले शिक्षामा सुधार ल्याउनको लागि एउटा अभियान शुरू गर्नु भयो । वहाँ एक सुधारवादी शिक्षाविद् लेखक तथा दार्शनिक हुनु हुन्थ्यो जसले सोका क्योइकू गाक्काईको स्थापना गर्नु भएको थियो । वहाँको न्यानोपना र सोच विचारको कारण वहाँले मानवीय र विद्यार्थीमा केन्द्रित दृष्टिकोणलाई परिचित गराउन अग्रसर हुनु भयो । वहाँले भ्रष्ट शैक्षिक प्रणालीलाई विरोध गर्नु भयो जसको कारण छिट्टै अवकाश ग्रहण गर्नु भयो । पछि गएर जापानी सैनिक शासनको नीतिहरूलाई विरोध गरेको कारण जेलमा पर्नु भयो र कुपोषनको कारण ७३ वर्षमा जेलमा नै निधन भयो ।

यस सोका गाक्काईको स्थापना तथा वहाँको मृत्यु दुबै नोभेम्बर १८ मा भएको थियो । गुरूको भावनालाई हृदयंगम गर्दै श्री तोदा जेलबाट छुट्दा वहाँले गुरूको दूरदृष्टिलाई वास्तविकतामा ल्याउने अदम्य संकल्प लिनुभएको थियो । अध्यक्ष इकेदा भन्नुहुन्छः गुरू र शिष्यको गम्भीर मार्ग भनेको शिष्यलाई गुरूले ढाडमा बोकेर हिड्ने नभई शिष्यहरू आफ्नै दुई खुट्टाले उभिएर गुरू संगै अडिग भएर अगाडि बढ्ने हो । गुरू संग एक्यबद्ध हुने भावनालाई दृढतापूर्वक लिनु नै गाह्रो मार्गमा पनि शिष्यहरूलाई जीवनभर नडगमगिने दृढताका साथ हिडाउने प्रेरणात्मक शक्ति हो ।

श्री तोदा भन्नु हुन्थ्यो - माकिगुचि मानिसहरूको वीचमा पुग्दथ्यो र छलफल सभाहरूलाई डटेर सञ्चालन गर्नुहुन्थ्यो र हरेक व्यक्तिलाई सहयोग गर्दै तिनीहरूको समस्या र दुःखहरू समाधान गर्नु हुन्थ्यो । यसरी वहाँले एक गाक्काईको गर्ववान्वित तथा उत्कृष्ट इतिहास रच्नु भयो ।

सिर्फ एक जना व्यक्तिको बदलाव पनि महत्वपूर्ण हुन्छ । परिवर्तन एक व्यक्तिबाट शुरू हुन्छ । माकिगुचिमा आएको शिक्षा प्रतिको बदलावले सोका गाक्काईको जन्म भयो । त्यसैको निरन्तरताले अहिले विश्वभरी निचिरेन दाइशोनिनको बुद्धधर्म फैलिएको छ । वहाँले मानिसहरूलाई सुखी हुने साँचो प्रदान गर्नु भएको छ ।

यदि हामीले स्फूर्ति र साहसका साथ निरन्तर "स्वयंम परिवर्तन" हुने मार्गमा हिड्दै गयौं भने पक्कै हामीले कोसेनरूफुको सच्चा मार्ग हासिल गर्न सक्नेछौं ।

हिमाली शान्ति
सम्पादक

विजय तर्फ

दि न्यू ह्युमेन रिभोलुसनबाट उद्धृत गरिएका मार्गदर्शनहरू

परिचयः

दि न्यू ह्यूमेन रिभोलुसनको अध्याय ५ मा एस.जि.आई. का अध्यक्ष इकेदा सन् १९६१ अक्टोबर २३ मा युरोप राष्ट्रहरूको भ्रमणबाट फर्किनु भएको थियो । युरोप राष्ट्रहरूको उहाँको भ्रमणमा उहाँले युवा र बृद्धवृद्धाहरूलाई एकजुट भएर "शान्तिको ढोका खोल्न र मानवीयताको वीउ रोप्न हौसला दिनुभयो । अक्टोबर २७ मा मासिक हेड्क्वाटर्रस् लिडरस् सभामा उहाँले ग्राण्ड रिसेप्सन हल निर्माणको घोषणा गर्नु भयो जुन सन् १९६२ को बसन्तमा शुरू हुनेछ ।

सभामा सहभागी हुन हौसला दिन र जापान भरिका सदस्यहरूलाई मार्गदर्शन दिन अति मरिमेटेर पनि उहाँले नोभेम्बर देखि डिसेम्बर १९६१ सम्म हुने ओसाका घटनाको परिक्षण चरणमा समेत सहभागी हुनु भयो जसले गर्दा "गतिशिल अग्रसरताको वर्ष" को नारा सफलताका साथ सम्पन्न भयो ।

लिडरको बलियो संकल्प

सन् १९६१ अक्टोबर १२ मा सिनइचि र उहाँको सहयात्रीहरूले पेरिसको भ्रमण गर्नुभयो । उनीहरू Arc de Triomphe अगाडि उभिए उहाँले फ्रान्सेली अध्यक्ष दि गौलेको दोश्रो विश्व युद्धको दौरानको संघर्षको बारेमा कुरा गर्नुभयो । उहाँले भन्नुभयो, अध्यक्ष गौले निर्वासनमा हुंदा पनि फ्रान्सेलीहरूको लागि प्रसारण द्वारा स्वतन्त्रताको लागि संघर्ष गर्न एक्यबद्ध भई उभिन हौसला दिनु हुन्थ्यो । उहाँले फ्रान्सका मानिसहरूलाई मित्र बनाएर अन्ततः पेरिसलाई स्वतन्त्र बनाउन सफल भए । यस उदाहरण द्वारा शिनइचिले लिडरमा हुनुपर्ने आधारभूत गुणलाई जोड दिनु भएको छ ।

दि गौले र उहाँको उपलब्धिहरूको बारेमा विश्वको विचारमा भेद भएतापनि शिनइचिले ठूलो अवरोधहरूलाई चुनौती दिएर पार लगाएका एक ब्यक्तिको रूपमा फ्रान्सेली लिडरको साहस र दृढतालाई प्रशंसा गर्नुभयो ।

एक लिडरको बलियो, दृढ संकल्प, साहसिक कार्यका साथ मिलेर अवरोधलाई पार लगाएर विजयको लागि मार्ग उघार्छ । जसरी एउटा आगोको सानो झिल्कोले पनि आगजनि (wildfire) फैलाउन सक्छ, दृढ संकल्प र साहसीक कार्यले अरूलाई उनीहरूको उत्तम परिस्थितिमा रूपान्तरण गर्न समर्थ तुल्याउँदै अरूको मन छुने र उत्प्रेरित हुन सक्छ ।

दि गौलेसको दृढ संकल्पको स्रोत के थियो ? यो उसको दृढ विश्वास थियो कि, "म फ्रन्च हुं" । हाम्रो सन्दर्भमा "म सोका गाक्काई सदस्य हुं" भन्ने सचेतता हुनु हो । यसको अर्थ, अरूमा भर पर्नु भन्दा, आफैले पूरा जिम्मेवारी लिदा,

"यदि म असफल भएं भने सबैले दुःख पाउनेछ" भन्ने दृढ विश्वासका साथ मुख्य व्यक्तिको रूपमा पूर्णतया पहल गर्नु पर्दछ । यस्तो खालको संकल्पले मानिसलाई बलियो बनाउँछ । हामी पनि हाम्रो आफ्नो संघर्षहरू जतिसुकै कठिन वा कठोर भएतापनि त्यसलाई पार लगाएर विजय हुंदै कोसेनरूफुको विजयको ढोकाबाट गर्वका साथ अघि बढौं ।

***

सपनाहरू र संकल्प

पेरिसमा सोका गाक्काईका सदस्य एक नर्तकीले शिनइचि यामामोटोलाई भेटिन् । उनी हालसालै मात्र स्पेनबाट फर्किएकी थिइन् । शिनइचिले उसमा अहंकार भएको स्पष्टसंग देख्नुका साथै आत्म-विश्वासको कमी भएको देख्नुभयो, किनभने उनको पेशाको रूपमा उनी सुर्खिहरूमा मात्र आइरहन्थे जबकि उनको प्रतिभा निखार्न र उनी आफैंलाई प्रगति गर्न उनमा इमान्दार र निरन्तर प्रयासहरूको भने कमी थियो । उनीको प्रवृत्तिलाई सच्च्याएर उनको क्षमतालाई पूर्ण रूपले साँच्चिकै प्रकट गर्ने आशाका साथ उहाँ (शिनइचि) ले हौसला दिनुभयो ।

शिनइचिले सोध्नुभयो, "पेरिसमा आउनुको तिम्रो उद्देश्य के थियो ?" "गिती नृत्य पढ्न र सर्वश्रेष्ठ नर्तकी बन्न", उनले जवाफ दिइन् ।

म बुझ्न सक्छु कि, कलामा इच्छा राख्ने जोकोहीले पनि पेरिस तर्फ कति आकर्षित हुन्छ" उहाँले भन्नुभयो । "तर तिमी यहाँ (पेरिसमा) छौं भन्दैमा सबैकुरा पाइहाल्नेछ भन्ने भ्रमबाट निक्लिनु उत्तम हुन्छ ।

सबैभन्दा उत्कृष्ट बन्छु भन्ने लक्ष्य राख्नु कुनै गलत होइन । तर तिमीले आफ्नो लक्ष्यहरू र हरेक खुड्किलाको मार्ग स्पष्ट बनाउनु आवश्यक छ र त्यसलाई हासिल गर्न एकछिन वा प्रयासलाई खेर नफाली हरेक दिन चुनौती दिनु पर्दछ ।

सपनाहरू र संकल्प दुई भिन्दै कुराहरू हुन् । यदि तिमी के बन्न चाहन्छौं भन्ने कुरालाई केवल इच्छाएर त्यसमा दृढता र मेहेनतका साथ कार्य गर्न असफल भयौं भने तिमीले केवल कोरा सपनालाई मात्र पछ्याइरहेको हुन्छ ।

यदि तिमी स्र्वोत्कृष्ठ बन्छु भन्ने कुरामा साँच्चिकै दृढ छौं भने तिमीले ठोस पाइला लिएर त्यस लक्ष्य तर्फ आफूले सक्दो कार्य गर्नुपर्छ । सफलताको अर्को नाम भन्नु नै बारम्बार अडिग प्रयास गर्नु हो ।

कडा परिश्रम र संघर्ष विना आशा र सपनाहरूले केवल उसलाई चिन्ता र पराजय तर्फ ढकेल्दछ । तिमीले आफ्नो आधारशीलालाई बलियो बनाउन पर्छ । बुद्धधर्म भनेको सामान्य ज्ञानको उच्च स्वरूप हो, वास्तविक आस्था तपाई आफूले आफूलाई प्रगती गर्ने निरन्तर प्रयासमा निर्भर गर्दछ ।

यदि तिमीले आफ्नो पूर्ण क्षमता बोध गर्ने र दृढ सुख स्थापित गर्ने आशा गरेकीछौं भने तिमीले जीवनको मार्गको रूपमा आस्थाको दृढ आधारशीला निर्माण गर्नु अत्यावश्यक छ । हामी जहाँ बसेकाछौं त्यसलाई परिवर्तन गर्न सक्छौं, तर हाम्रो जीवनको भित्री आस्था परिवर्तन नभएसम्म कुनै परिवर्तन हुने छैन । बुद्धधर्मले त्यस भित्री रूपान्तरणलाई हासिल गर्न समर्थ तुल्याउँछ ।

जुनसुकै अवस्थामा पनि यस आस्थालाई निरन्तर २० वा ३० वर्षसम्म साधना गर्नुस् । अनि जीवनको सच्चा विजयले तपाईंलाई पर्खिनेछ ।

कोसेनरूफुको अद्वितीय प्रवाहको विकास हामीले भेटेका हरेक व्यक्तिलाई विस्तृत रूपमा हौसला दिन सक्छौं कि सकेनौं भन्ने कुरामा भर पर्दछ जसले गर्दा उनीहरूको जीवनको लक्ष्य, सुख प्राप्ती तर्फ अग्रसर हुन्छ । अन्ततः यहि नै सबैकुराको साँचो हो ।

नेपाल एसजिआई को २० औं साधारण सभा

नेपाल एस.जि.आई. ले आफ्नो २० औं साधारण सभा अक्टोबर १६ देखि अक्टोबर १८ सम्म विभिन्न कार्यक्रम आयोजना गरि सम्पन्न गऱ्यो ।

तीन दिने कार्यक्रमको पहिलो दिन विहिबार बागमती सफाइ अभियान कार्यक्रम अन्तर्गत वातावरण सम्बन्धी कवि गोष्ठी कार्यक्रम सम्पन्न भएको थियो जसको प्रमुख अतिथिको रूपमा राष्ट्र कवि माधव घिमिरे र नेपाल सरकारका मुख्य सचिव लिलामणि पौडेल रहेका थिए । नेपाल एस.जि.आई. ले बागमती सरसफाई अभियानमा विगत एक वर्ष अघि देखि सञ्चालन गर्दै आइरहेको बागमती किनारमा सबै भन्दा पहिले लोटसबारी बगैंचा निर्माण गरेर अरूको लागि उदाहरर्णीय बन्न सफल भएको थियो ।

उत्सवको दोश्रो दिन शुक्रबार नेपाल एस.जि.आई. को २० औं साधारण सभा लगायत साँस्कृतिक कार्यक्रम जमलको राष्ट्रिय नाचघरमा भएको थियो । उक्त कार्यक्रममा सदस्यहरू लगायत परिवार र मित्रहरू गरि करिब १००० जना दर्शकहरूको उपस्थिती रहेको थियो । २० औं साधारण सभाको लागि अध्यक्ष इकेदाले पठाउनु भएको सन्देश नेपाल एस.जि.आई. का भाइस जनरल डाइरेक्टर श्री सागर थापाले पढेर सुनाउनु भएको थियो जसमा हामीले जीवनमा समस्याहरूको कसरी सामना गर्छौं भन्ने उदाहरणद्वारा हामीले समान किसिमका समस्याहरूसित जुझिरहेका व्यक्तिहरूलाई साहस तथा प्रोत्साहन प्रदान गर्न सक्छौं । जीवनमा जस्तोसुकै कठिन समस्याहरूको सामना गर्नु परेतापनि ती सबै दुःखहरूलाई हामी अद्भूत धर्मको आधार लिएर समाधान गर्न सक्छौं भन्ने हौसलावर्दक सन्देश रहेको थियो ।

यस निचिरेन दाइशोनिनको बुद्धधर्ममा लागेपछि आफ्नो जीवनमा प्राप्त गर्नुभएको हौसलावर्दक अनुभवहरू श्री उज्ज्वल अर्याल र सुश्री आभा अधिकारीले सुनाउनु भएको थियो । सगरमाथा अवार्ड सुश्री दुर्गा राजबाहकलाई प्रदान गरिएको थियो भने Ornament of Great Vow श्री अर्जुन रखाल, सुश्री मतिना शाक्य, सुश्री मनिषा महर्जन, श्री राजन विक्रम थापा, डा. कृष्ण शर्मा, श्रीमती कमला दवाडी, सुश्री वसन्ती लामा, श्री मुसाङ्ग मगर, श्री राम मणि अर्याल र श्री दिनेश यल्मोलाई प्रदान गरिएको थियो । निलगिरी

डिष्ट्रिक्टले फुटबल टुर्नामेन्ट ट्रफी जितेका थिए । मकालु डिष्ट्रिक्टलाई यस वर्षको उत्कृष्ट डिष्ट्रिक्ट घोषणा गरिएको थियो ।

नेपाल एस.जि.आई. का अध्यक्ष श्रीमती सहना श्रेष्ठले यस वर्षको संकल्पहरू १) डिष्ट्रिक्टलाई बलियो बनाउने २) अध्ययनको आधारशीलालाई बलियो बनाउने ३) सन् २०१५ भित्र १००० जना सदस्यहरू बनाउने ४) संस्थाको मासिक पत्रिकाको पाठकहरू बढाउने ५) सामुदायीक क्रियाकलापहरू गर्ने र ६) सन् २०२० भित्र अर्को एउटा नयाँ शान्ति केन्द्र स्थापना गर्ने घोषणा गर्नु हुँदै सबैलाई धन्यवाद दिनुभएको थियो । साँस्कृतिक कार्यक्रममा विभिन्न जातजातिको संस्कृति झल्काउने भेषभुषामा नृत्य प्रस्तुत गर्नुका साथै नाटक, वृत्तचित्र तथा गानाहरू समावेश रहेको थियो ।

एस.जि.आई. का डाइरेक्टर श्री ओङ्ग वोन चाइले पृथ्वीका सच्चा बोधिसत्वका रूपमा हाम्रो उच्च लक्ष्य भन्नु नै नाम् म्योहो रेङ्गे क्यो फैलाउने र कोसेनरूफु हासिल गर्नु हो । Hall of Great Vow for Kosenrufu को निर्माण सम्पन्न संगै निचिरेन दाइशोनिनको बुद्धधर्मलाई विश्वभरि फैलाउने समय अब हो भन्नु हुँदै एस.जि.आई. शान्ति तथा मित्रता अवार्ड नेपाल एस.जि.आई. का लिडरहरू श्री प्रवल किरण मानन्धर, श्रीमती नयना रञ्जित, सुश्री सविना श्रेष्ठ, सुश्री युरिका शाक्य र श्री नविन मानन्धरलाई प्रदान गर्नुभएको थियो ।

अन्तिम दिन शनिबार नेपाल एस.जि.आई. शान्ति केन्द्रमा एस.जि.आई. का अध्यक्ष दाइसाकु इकेदाको सन् २०१४ को शान्ति प्रस्ताव माथि विभिन्न व्यक्तित्वहरू वीच अन्तरक्रिया कार्यक्रम रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव लिलामणि पौडेल, जापानका पूर्व राजदुत तथा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रोफेसर डा. केदार भक्त माथेमा, डा. राजु अधिकारी तथा कृषि विशेषज्ञ डा. तेज थापा मगरले गोष्ठीमा उठाइएका प्रश्नहरूको उत्तर दिनुभएको थियो । कार्यक्रममा देश तथा विदेशका एस.जि.आई. सदस्यहरूको सहभागीता रहेको थियो ।

मानव सम्बन्ध भित्रका समस्याहरु

हामी सबैले गर्ने एउटा कुरा भनेको मानव सम्बन्ध भित्रका समस्याहरू हुन् । म निश्चित छु कि, तपाईले साधना शुरू गर्दा अग्रज लिडरहरू वा अन्य सदस्यहरूसंग तपाईको सम्बन्धको कारणबाट दुःख होला भन्ने तपाईले कल्पना गर्नुभएको थिएन होला । मेरो आफ्नै संस्था भित्र मानव सम्बन्धका धेरै समस्याका कारण चिन्तित थिए तर अहिले पहिला जस्तै धेरै भने छैनन् ।

मानव सम्बन्धका विषयमा साधारणतया हामीले सामना गरिरहेका समस्याहरू भनेको जड्याहा श्रीमान हुनु, धेरै पैसा नकमाउने श्रीमान हुनु वा हातपात गर्ने श्रीमान हुनु आदि हुन् । अवश्य पनि पुरूषहरू पनि आफ्नो श्रीमतीका कारण समस्या र चिन्ताहरू हुने हुन्छन् भने कोही अभिभावकहरू आफ्नो बदमास बच्चा देखेर साँच्चिकै चिन्तित हुन्छन् । हामी मध्ये कसैको कार्यथलोमा हामीलाई मननपर्ने हाकिम हुनसक्छ । कहिलेकाँही एस.जि.आई. क्रियाकलापमा सहभागी हुंदा संस्था भित्रका हाम्रो सम्बन्ध भित्र पनि समस्याहरू हुन्छन् ।

वस्तुस्थिति र यथार्थ

यसमा देखाईएको रेखाचित्रले मानव सम्बन्ध वीचको समस्याहरूलाई हामीले कसरी हेर्छौं भन्ने कुरा देखाइएको छः मेरो दुःखका कारण तिनीहरू वा अन्य व्यक्ति हुन् । तिनीहरूका कारण आज म दुःखी वा मलाई चिन्ता थपिदिएको छ । तिनीहरू नै समस्याको कारण हुन्, म होइन । म पीडित हुं । तिनीहरूकै कारण भएको हुनाले तिनीहरू नै मेरो दुःखको कारण भएको हुनाले तिनीहरू अत्याचारिहरू हुन् । तिनीहरू नै गलत हुन् । उनीहरू नै दोषीहरू हुन् । खराव हुन् र म निरिह पीडित मात्र हुं ।" हामी अक्सर यसरी सोच्ने गर्छौं ।

साधारणतया सतही रूपमा हेर्ने हो भने यो सत्य हो र दुरूष्ट यस्तै नै देखिन्छ । तर बुद्धधर्मको दृष्टिकोणबाट हेर्ने हो भने मानव सम्बन्धहरूको साँचो सार यस वर्णनसंग मेल खाँदैन । बुद्धधर्मले वर्णन गर्दछ कि, परिणाम वा असर, कारण र बाह्य सम्बन्ध वा उत्तेजक प्रभावबाट पैदा हुन्छ । त्यसकारण, हामी आफूमा विद्यमान कारण जब हामी बाह्य प्रभावको रूपमा रहने अर्को व्यक्तिको सम्पर्कमा आउँछौं हामी भित्र रहेको दुःख बाहिर

प्रकट हुन्छ । कारण हामी भित्रै भएको हुनाले "म नै कारण हो", अर्को न्यक्ति दोषी वा खराब होइन बरू एकजना मतियार मात्रै हो ।

साधारण न्यक्ति भएकोले यस विचारलाई स्वीकार्न हामीलाई धेरै मुश्किल हुन्छ । हामी यसलाई स्वीकार्न चाँहदैनौं । बुद्धधर्ममा, अरू मानिसलाई हामी कस्तो छौं भन्ने देखाउने ऐनाको रूपमा बुझाउँछ । मलाई लाग्छ अध्यक्ष तोदाले एकपटक भन्नु भएको थियो कि, जब हामी मर्छौं, हामीले बहुमूल्य जुहारातले सजिएको नीलोपल ऐनामा आफूलाई हेर्छौं । यस ऐनामा, हामीले गरेका सम्पूर्ण कर्महरू आफ्नो आँखा अगाडि प्रतिविम्वित हुन्छन् ।

प्रतिविम्वित छाँया

वास्तवमा, हामीले के गर्छौं जब हामीले यस्तो विशेष किसिमको ऐनालाई हेर्छौं - हाम्रा मानिस संगको भेटले उनीहरूले वास्तवमै हामी को हौं भनेर देखाइदिने हो ? हामीले ऐना त हेर्छौं तर हामीले देख्न सक्ने कुरालाई नियालेर हेर्ने प्रयास गर्दैनौं । हामीलाई मननपर्ने हेर्न नचाहेको केही फोहर दाग हामी देख्छौं । हामीले त्यस दागलाई हटाउन कोशिस गर्छौं । कहिलेकाँहीं हामी सोच्छौं, "ओहो ! यो काम नलाग्ने ऐना, यो राम्रो छैन । मलाई अर्को ऐना चाहियो । हाम्रो आफ्नो राम्रो प्रतिविम्व हेर्ने आशाका साथ

मानव सम्बन्ध भित्रका समस्याहरु



हामीले अर्को ऐना ल्याउने निर्णय गर्छौं । अनि हामीलाई लाग्छ कि, यो ऐना पनि ठीक छैन ! यसरी हामीले ऐनाहरू फेरिरहन्छौं ।

यदि हामीलाई मननपर्ने हाम्रो आफ्नै प्रतिविम्व देख्यौं भने ऐनालाई हटाउने कोशिस गर्नु वा त्यसलाई अर्कोसंग बदल्ने कोशिस गर्नु भन्दा हामीले हाम्रो आफ्नै अनुहार सफा गर्नु पर्छ, आफूलाई निखार्नु पर्छ । हामी जस्तो छौं, ऐनामा त्यस्तै प्रतिविम्वित हुन्छ ।

यदि हाम्रो ऐना हाम्रो स्वास्नी वा हाम्रो लोग्ने हो भने हामीले अवश्य पनि त्यसलाई बदल्नेछौं । तर एउटा कुरा हामीले बदल्न सक्दैनौं - त्यो हो, हाम्रो आफ्नो सन्तान । बच्चाको दृष्टिकोणबाट हेर्ने हो भने अभिभावकलाई बदल्न सक्दैनौंः केवल एक पिता र एक आमाले मात्र बच्चालाई जन्म दिन सक्छ ।

त्यसकारण, हामीले आफ्नो कर्म रूपान्तरण गरेर मात्र अरू मानिससंगको समस्याहरूलाई समाधान गर्न सक्छौं । जति धेरै हामीले आफूलाई परिवर्तन गर्छौं, त्यति नै धेरै अरूहरू परिवर्तन हुनेछन् । त्यसकारण, कृपया तपाईको वातावरणलाई ऐनाको रूपमा हेर्ने कुरालाई मनन गर्नुस् जसले तपाईको कस्तो कर्म छ भनेर देखाइरहेको हुन्छ ।

बुद्धधर्म साधना गर्नु भनेको हाम्रो मानव क्रान्ति गर्नु हो । मानव क्रान्ति भनेको व्यक्तिगत क्रान्ति वा आत्म-रूपान्तरण हो । तर मलाई लाग्छ हामी मध्ये धेरैले अरूको क्रान्ति गर्ने कार्यमा इमान्दारीता र गम्भिरतापूर्वक लागिर हेका छन् । हामीले सधैं अरू मानिसलाई दोष लगाउने र अरू परिवर्तन होस् भन्ने खोज्छौं । आफू परिवर्तन हुन नपर्ने कुरामा हामी दृढ छौं किनभने समस्याको कारण कारण हामी होइनौं भने म किन परिवर्तन हुनु पर्‍यो ?" भनेर हामी जोड दिन्छौं ।

तीन प्रकारको बुझाई

कहिलेकाँहीं मानिसहरूको भिन्दाभिन्दै विचारहरू हुन्छन् । जब मानिसले "मैले बुझे" भन्छ, वास्तवमा, त्यस वाक्यको तीन अलि भिन्दा भिन्दै अर्थहरू हुन्छन् । पहिलो, अक्सर, अभिभावक र बच्चाहरू वीच हुने आदन-प्रदान हो । जब बच्चाहरू विरामी हुन्छन् उनीहरूलाई यसो गर भनेर भन्दा दिक्क भएका हुन्छन् र ति बच्चाहरूलाई किचकिच सुनेर आफूले बुझेको बाहना गर्दछन् । उनीहरूले आफ्नो अभिभावकलाई शान्त र खुशी बनाउन मात्र "मैले बुझे" भन्छन् । जब केही लिडरहरूले सदस्यलाई केही कुरामा जोड दिइरहेको, कचकच गरिरहने वा निरन्तर एकोहोरो भनिरहँदा उनीहरूले संस्था भित्र पनि यस्तै महशुस गर्दछन् । त्यसपछि, उनीहरूले लिडरलाई शान्त बनाउन र कचकच गर्नबाट रोक्नको लागि मात्र "मैले बुझे" भनिदिने निर्णय गर्छन् ।

यस प्रकारको छलफल वा संवादलाई "जोड" वा "मानिसलाई स्वीकार गर्न जोड दिइरहेको" भनिन्छ । यो साँचो स्वीकार होइन किनभने भित्रभित्रै उक्त व्यक्तिले स्वीकार विरूद्ध विरोध गरिरहेको हुन्छ ।

दोश्रो, "मैले बुझे" भन्नाले "तिमीले भन्न खोजेको अर्थ मैले बुझे" भन्ने दर्शाउँछ । म तिम्रो तर्कलाई सहमत गर्छु । मैले सिद्धान्त बुझें अथवा "तिमीले के भनिरहेको किन भनिरहेको छौं भन्ने मैले बुझे ।" त्यो व्यक्तिले वास्तवमै स्वीकारेको हुँदैन, उनीहरूलाई मनाउनको लागि मात्र स्वीकारेको हुन्छ । अध्यक्ष इकेदाले निरन्तर आफ्नो मार्गदर्शनमा भन्नुहुन्छ कि मनाउनु मात्र पर्याप्त छैन ।

हामीले दृढ विश्वास दिलाउनु पर्छ । हामीले मानिसलाई तर्क मात्र बुझाएर पुग्दैन बरू सहृदय स्वीकार्न सक्ने पनि

बनाउनु पर्दछ । यो कुरा एस.जि.आई. का लिडरहरूले निरन्तर ध्यान दिनुपर्ने कुरा हो । हामीले अरूलाई मनाउनुको सट्टा उनीहरूलाई पूर्णतया बुझाउन खोज्नु पर्छ । त्यसकारण, मानिसहरूले नबुझेसम्म र पूर्णतया विश्वस्त नभएसम्म निरन्तर उनीहरूसंग कुरा गरिरहनु पर्दछ । विश्वस्त हुनु भनेको "मैले अर्थ बुझे, भन्ने तेश्रो प्रकारको बुझाई हो । "म सहृदय पूर्णतया तपाईसंग सहमत गर्छु । म यस कुरामा तपाईलाई साथ दिन्छु र मैले गर्नेछु !"

त्यसकारण, जब सदस्यहरू समस्या लिएर तपाई कहाँ आउँछन्, लिडरको रूपमा यो तपाईको जिम्मेवारी हो कि उनीहरूसंग संवाद गरेर तेश्रो प्रकारको "मैले बुझे", "मैले बुझे र मैले गर्नेछु ।" भन्ने बुझाइसम्म नपुगुञ्जेल हौसला दिइरहनु पर्छ । यति गरेर यदि तपाई पूर्णतया सन्तुष्ट हुनुहुन्न भने मलाई लाग्छ तपाईले उनीहरूलाई निरन्तर हौसला दिइरहनु नै पर्छ । शायद, पहिलो भेट पछि तपाईले उनीहरूलाई फोन मार्फत कस्तो गरिरहनु भएको छ भनेर सोध्न सक्नु हुन्छ ।

यदि उक्त सदस्यले अझै समस्याको समाधान गर्न सकेको छैन वा उनीहरूले आफ्नो समस्या समाधान गर्न दृढ संकल्प लिन सकेको छैन भने लिडर भएकोले उक्त व्यक्तिको लागि प्रार्थना गरिदिने जिम्मेवारी हाम्रो हो ।

भावनात्मक पर्खाललाई चिर्दै

निरन्तर एकल संवाद गर्नु भन्दा गोहोन्जोनलाई प्रार्थना गर्नु महत्वपूर्ण हुन्छ । किनभने हामीले केवल शब्दको मात्र प्रयोग गरिरहंदा उनीहरूको भावनाले गर्दा तेश्रो व्यक्तिले हामीले भनेको कुराहरूलाई स्वीकार्न नसक्ने अवस्था हुन सक्छ । त्यो भावना एक प्रकारको बाधक वा पर्खाल हुन सक्छ जसले गर्दा हामीले वास्तवमा के भन्न खोजिरहेकाछौं भन्ने कुरा सुन्न सक्दैनन् । जब हामीले गोहोन्जोन समक्ष प्रार्थना गरिसकेपछि उनीहरूसंग संवाद गर्दा हाम्रो शब्दहरूले ती पर्खालबाट छेड्न र अर्को व्यक्तिले हामीले भन्न खोजेका कुरालाई सुन्न र स्वीकार्न समर्थ हुनेछ ।

जब हाम्रो बच्चा हुन्छ (मेरो चार जना बच्चाहरू छन्), मलाई लाग्छ हामीले उनीहरूसंग संवाद गर्नु भन्दा अगाडि गोहोन्जोनको अगाडि बसेर प्रार्थना गर्नु महत्वपूर्ण छ । जति धेरै हामीले प्रार्थना गर्छौं त्यति नै धेरै सौभाग्य संकलन हुन्छ । याद राख्नुस् कि, यदि हामीले दाइमोकुमा आधारित नभएर संवाद गऱ्यौ भने हामीले भनेका कुराका आधारमा अक्सर हामीले आलोचित वा निन्दित व्यवहार पाउँछौं ।

त्यसकारण, मानव सम्बन्ध वीचको समस्याका समाधान भनेको हामी आफूले आफैमा कार्य गर्नु हो । हामीले हाम्रो मानवीयताको जीवनावस्थालाई उजागर गर्नु पर्दछ । हामीले आत्म-प्रतिविम्व र गोहोन्जोन अगाडि गरेको दृढ प्रार्थनाद्वारा आफूलाई रूपान्तरण गर्नुपर्छ ।

हामी सबैले एक अर्का वीच बाँड्ने कुरा भनेको मानव सम्बन्धका समस्याहरू हुन् । विवाहित दम्पत्ती वीच पनि कहिलेकाँहीं धेरै गाह्रो हुन सक्छ । मलाई लाग्छ, यसको समाधान भनेको नै हरेक व्यक्तिले साँच्चिकै अर्को व्यक्तिलाई बुझ्न कोशिस गर्नु हो । विवाहित दम्पत्तीको सन्दर्भमा, उनीहरूको सम्बन्ध एक अर्का वीचको मायाबाट शुरू हुन्छ । जसरी समय वित्दै जाँदा डिग्रीले तापक्रमको उतारचढावलाई देखाए जस्तै समयको अन्तरालसंगै मायाको अनुभूति पनि उतारचढाव हुन थाल्छ । कहिलेकाँहीं समय वित्दै जाँदा एक अर्का वीचको आकर्षण फितलो हुंदै जान्छ । यसरी एक अर्का वीचको हाम्रो सम्बन्ध फितको हुंदै गएपछि कहिलेकाँहीं हामीले कडा वचन बोल्न पुग्छौं जसले एक अर्का वीच घृणा पैदा हुन सक्छ । अन्ततः यस प्रकारको सम्बन्ध अन्त्यमा दम्पत्ती वीच झगडा र असजिलो भएर अन्त्य हुन सक्छ ।

यो म इटालियन सदस्यहरूलाई भन्छुः एक अर्का वीच माया र गहिरो आकर्षणको भावनाका साथ शुरू गर्नु ठीक छ - जस्तै पहिलो भेटमै माया । तथापि, यी भावनामा केही कुरा अन्तर्निहित छैन, केही कुरा जुन यो भावनात्मक महशुस भन्दा अझ गहिरो - अर्को शब्दमा, यदि एक अर्का वीच विश्वास र आत्मविश्वासको भावना भएन भने सम्बन्ध दिगो रहंदैन ।

अक्सर, इटालीमा युवाहरूले भन्ने गर्छन् कि, मैले सही ब्यक्ति भेटाउन सकिन । यो निराशाजनक कुरा हो । मैले उनीहरूलाई भने कि, उनीहरूले सही ब्यक्ति वा असल ब्यक्ति भेटाउन नसक्नु महत्वपूर्ण होइन बरू दुबै जनामा सम्बन्धलाई कायम राख्ने इच्छा-शक्ति वा प्रयासको कमी हुनु हो ।

आँखा कहिले चिम्लिने भन्ने कुभ्रौं

एउटा फ्रान्सेली भनाई छ कि, विवाह गर्नु अगाडि तपाईको दुबै आँखा पूरा राम्ररी खोलेको हुनुपर्छ तर विवाह पछि, तपाईले एउटा आँखा बन्द गर्नुपर्छ । तर यथार्थ भने अक्सर विवाह हुनु अगाडि दुबै आँखा कस्सिएर बन्द राख्छन् । विवाहको ४ वा ५ वर्ष पछि मात्र हामी हाम्रो दुबै आँखा खोल्दै जान्छौं र विस्तारै विउँझिन थाल्छौं । हामीले हाम्रो आँखा खोल्न थाल्ने मात्र नभई हाम्रो दाहिने हातमा ठूलो पार्ने ऐना (magnifying glass) समात्छौं ताकि हामीले अरू ब्यक्तिको गल्तीहरूलाई अझ स्पष्ट संग देख्न सकोस् । निसन्देहः त्यस्तो खालको प्रवृत्तिले विवाह धेरै लामो समयसम्म टिक्ने छैन ।

त्यसकारण, मलाई लाग्छ फ्रान्सेली भनाईले कुनै गहिरो चेतनालाई प्रतिविम्वित गर्दछः विवाहित दम्पत्तीको सन्दर्भमा, हामीले कहिलेकाँहीं एउटा आँखा बन्द गर्नु पर्छ -

शायद, सानो कुराको लागि हामीले दुबै आँखा बन्द गर्नु पर्छ । किनभने हामी साधारण व्यक्ति भएकोले हामी सबमा कमजोरीहरू छन् । तर, विशेषगरि हामी अरूको गल्तीहरू प्रति सचेत हुन्छौं भने हाम्रो आफ्नो गल्ति प्रति अन्धो हुन्छौं । त्यसकारण, जब हामी झगडा गर्छौं वा बाज्छौं हामीले नचाहेतापनि हामीले उनीहरूको गल्तीहरू औंल्याएर सूची बनाउँछौं ।

त्यहि समयमा नै हामीले आफ्नो विवेक उजागर गर्नु महत्वपूर्ण छ । यद्यपी, हामीले सूची बनाउन चाहेतापनि शायद, ५ वटा गल्तीहरू औंल्याएता पनि हामीले केवल एउटामा आफूलाई सीमित राख्नु पर्छ । किनभने हामीले नभनि बस्न सक्दैनौं र हामीले ५ वटै भनिदिन्छौं र अर्को व्यक्ति रिसाइहाल्छ । एस.जि.आई. का सदस्यहरूसंग पनि यस्तै कुरा लागू हुन्छ भन्ने मलाई लाग्छ । हाम्रो बच्चासंगको सम्बन्धमा पनि लागू हुन्छ भन्ने मलाई लाग्छ । हामीले हाम्रो आँखा बन्द गर्नुपर्ने समय अवश्य पनि हुन्छ । त्यसकारण, हामी मानव सम्बन्धहरूमा सफल हुनको लागि हामीले सानो गल्तीहरूमा जानाजानी, वेवास्ता वा आँखा बन्द गरिदिनु पर्छ ।

सात खजानाहरू

त्यसकारण, हामी हरेक व्यक्तिको लागि सबैभन्दा महत्वपूर्ण कुरा भनेको हामीले आफूलाई कसरी सुधार्न सक्छौं भन्ने हो । मलाई विश्वास छ, तपाईहरू सबैले निचिरेन दाइशोनिनले आवुचु-वो लाई लेख्नु भएको "खजाना स्तम्भमा" *(WND, पा. २६६, MW1 पा. २६)* भन्ने पत्र पढ्नुभएको छ होला ।

यस पत्रमा खजाना स्तम्भको वर्णन समावेश छ । त्यसको केही अंश यसप्रकार छः

.....खजाना स्तम्भ सात किसिमको खजानाहरूबाट शुसोभित छ - सही उपदेश सुन्ने, त्यसलाई विश्वास गर्ने, शील पालना गर्ने, ध्यान गर्ने, तदारूकताका साथ साधना गर्ने, आफ्नो अनुरागहरू त्याग्ने र आफूले आफैंलाई हेर्ने ।

वास्तवमै यस हरफले सात द्वारहरूलाई जनाउँदछ जुन मानव शरीरमा घाँटी देखि माथि सम्म पाइन्छः आँखाहरू, कानहरू, नाकको प्वालहरू र मुख हुन् । बुद्धधर्ममा तिनीहरूलाई सात रत्न वा खजानाहरू भनिन्छ । एक स्तरबाट हेर्ने हो भने ती सात खजानाले मानव जीवनलाई रक्षा गर्ने कार्य गर्दछ । अर्को कार्य भनेको यसले हामी आफैंलाई प्रगती गर्न समर्थ तुल्याउँछ । अन्ततः हामी आफूले आफैंलाई सोध्नुपर्छ कि, कसरी ती सात खजानाहरूलाई पूर्णतया उपयोग गर्ने ताकि तिनीहरूले हामीलाई प्रगती गर्न र हाम्रो मानवीयतालाई उच्च वनाउन साँच्चिकै समर्थ तुल्याउँछ जसले गर्दा हामी सच्चा उदारशील र सच्चा मानवीयताको व्यक्ति बन्न सक्छौं ।

हामी साधारण व्यक्ति भएकोले हामी सबमा कमजोरीहरू छन् । तर, विशेषगरि हामी अरूको गल्तीहरू प्रति सचेत हुन्छौं भने हाम्रो आफ्नो गल्ति प्रति अन्धो हुन्छौं । त्यसकारण, जब हामी झगडा गर्छौं वा बाज्छौं हामीले नचाहेतापनि हामीले उनीहरूको गल्तीहरू औंल्याएर सूची बनाउँछौं ।

सात खजानाहरू दैनिक जीवनमा महत्वपूर्ण छन् किनभने तिनीहरूनै हामी आफूलाई प्रगति गर्न समर्थ तुल्याउने साँचोहरू हुन् । यदि हामीसंग न्यानो मन र न्यानो हृदय छ भने हामीमा साँच्चिकै पूर्ण मानवीयता विद्यमान छ । आध्यात्मिक समृद्धि अनि हाम्रो ब्यवहार त्यस्तो हुनेछ जसले असमझदारी तर्फ ढकेल्ने छैन । यसरी हामीले मानव सम्बन्धहरूमा सामना गर्ने समस्याहरूलाई कम गर्न समर्थ हुनेछौं ।

जब हामी आफूले आफूलाई सुधार गर्छौं, हामीले त्यस्तो जीवन जीउन समर्थ हुन्छौं जहाँ हामीले मानव सम्बन्धहरूको बारेमा चिन्ता लिनु पर्ने हुंदैन ।

त्यसकारण, हाम्रो शरीरको घाँटी देखि माथिको सात द्वारहरू मुख्य द्वारहरू हुन्, हाम्रो मानव क्रान्तिको साँचो हो । निचिरेन दाइशोनिनले "खजाना स्तम्भमा" ती सात द्वारहरूको वर्णन गर्नुभएको छ ।

सात रत्नहरूलाई चम्काउँदै

मानिसहरूले ती सात रत्नहरूलाई विभिन्न क्षेत्रमा कसरी उपयोग गर्छन् भन्ने केही उदाहरणहरू हेरौं । संगीतकारहरूको लागि सुन्ने नै उनीहरूको ब्यवशायको सच्चा साधन हो किनभने उनीहरूले सुनेर नै आफ्नो प्रतिभा र उनीहरूको विधिलाई ठम्याउन सक्छन् । चित्रकारको सन्दर्भमा, नराम्रोबाट राम्रो चित्रहरूको पहिचान गर्न उनीहरूको आँखा स्पष्ट वा प्रशिक्षित भएको हुनु नै पर्छ । विभिन्न सुगन्धहरूलाई मिसाएर विशेष अट्तर सिर्जना गर्ने ब्यवशायका ब्यक्तिहरूलाई अवश्य पनि सत्प्रतिसत् नस्य वा नाकमा निर्भर गर्दछ । भान्छेले इमान्दार प्रयास गरेर चाख्न सक्ने स्वादको इन्द्रियको *(sense of taste)* विकास गर्दछ ताकि उनीहरूले मिठो खाना तयार पार्न सकुन् ।

हाम्रो सन्दर्भमा, हाम्रो साधना भनेको नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नु हो र हाम्रो अगाडिको चुनौती भनेको हामी आफूले आफूलाई साँच्चिकै कसरी सुधार्ने भन्ने हो । यसको अर्थ हामीले सात खजानाहरूको कसरी उत्तम प्रयोग कसरी गर्ने भन्ने हो । सात खजानाहरूलाई प्रभावकारी ढंगबाट साँच्चिकै प्रयोग गर्ने विवेक हामीले कसरी पाउन सक्छौं ताकि हामी साँच्चिकैको हृदय र भावनाले धनी मान्छे बन्न सक्छौं । यही नै वास्तविक अर्थमा मानव क्रान्ति हो ।

हाम्रो सन्दर्भमा, हाम्रो साधना भनेको नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नु हो र हाम्रो अगाडिको चुनौती भनेको हामी आफूले आफूलाई साँच्चिकै कसरी सुधार्ने भन्ने हो । यसको अर्थ हामीले सात खजानाहरूको कसरी उत्तम प्रयोग कसरी गर्ने भन्ने हो । सात खजानाहरूलाई प्रभावकारी ढंगबाट साँच्चिकै प्रयोग गर्ने विवेक हामीले कसरी पाउन सक्छौं ताकि हामी साँच्चिकैको हृदय र भावनाले धनी मान्छे बन्न सक्छौं । यही नै वास्तविक अर्थमा मानव क्रान्ति हो ।

हामीलाई संस्था किन चाहिन्छ ?

किमुरा : हामी सोका गाक्काई संस्थाको भूमिका र कर्तव्यबारे कुरा गरौं । एकजना व्यक्तिले मलाई सोध्यो, "हामीलाई संस्था किन चाहिन्छ ? के मानिस एक्लै काम गर्नु कुनै गलत कुरा हो ?" कसैले यसो पनि भने, "मलाई सामूहिक क्रियाकलाप मनपर्दैन, त्यसकारण "संस्था" भन्ने शब्दबाट मलाई असजिलो अनुभव हुन्छ ।"

इगेता : धेरै जसो सदस्यहरूले आफू सोका गाक्काई जस्तो करूणामयी समूहको हिस्सा भएकोमा हर्ष व्यक्त गर्दछन् ।

गत वर्ष मे ५ को स्मरण गर्दै सोका गाक्काई उत्तराधिकारी दिवस *(Soka Gakkai Sucessors Day)* सभामा "कोसेनरूफुको संस्था, सोका गाक्काई मेरो जीवन भन्दा पनि मूल्यवान् छ ।" भन्ने भनाई तपाईंले हामीलाई सुनाउनु भएको थियो । ती शब्दहरूबाट हामी सबैजना धेरै प्रभावित भयौं र हामी मध्ये धेरैजनाले यस महान संस्थालाई हुर्काउन तथा रक्षा गर्न आफ्नो अठोटलाई पुनः जागृत गऱ्यौं ।

किमुरा : माध्यमिक वर्गका धेरै जसो सदस्यहरू सानै देखि (सोच्न सक्ने अवस्थादेखि) यस सोका गाक्काईमा थिए । आ-आफ्नै व्यक्तिगत अनुभव तथा परिस्थिति अनुरूप हरेक व्यक्तिको यस संस्था प्रतिको धारणा फरक - फरक हुन्छन् ।

इकेदा : "संस्था" भन्ने शब्दले कोही व्यक्तिको मस्तिष्कमा कुनै छाप पारेको हुन सक्छ, तर वास्तवमा, संसारमा सबै कुरा संस्थागत रूपमा नै क्रियाशील रहन्छ । मानव शरीरै पनि ६० खरब कोशिकाहरूबाट बनेको हुन्छ, सबै मिलेर कार्य गरिराखेका हुन्छन् । यो आश्चर्यपूर्ण निपूर्ण संस्था हो । यसमा यति धेरै कोशिकाहरू भएतापनि, तिनीहरू अनियमित रूपमा समूहगत भएको भने कदापी होइन । हरेक कोशिकाहरूको कार्य परिपूर्ण गर्नको निम्ति आ-आफ्नै निश्चित भूमिकाहरू हुन्छन् । केही मांशपेशी बन्नको लागि, केही नशा बन्नको निम्ति त केही रगत बन्नको लागि एक हुन्छन् । यी सबै कोशिकाहरूले एक आपसमा समन्वय कायम गरेर आ-आफ्नो विशेष उद्देश्यहरू सम्पादन गर्ने हुँदा शरीरले सम्पूर्ण कार्य गर्दछ ।

किमुरा : यो साँच्चिकै एकबद्ध परिश्रम हो ।

इकेदा : हो, समन्वय धेरै महत्वपूर्ण छ । समन्वयपूर्ण संस्थामा नै सबै कुराहरू नजिक रूपमा संलग्न रहन्छन् । यो कुरा मानवमा मात्र लागू हुँदैन । सबै प्राणीहरू संगठनात्मक ढंगले कार्य गर्दछन् । अति सानो प्लाङ्कटन (निर्जीव जस्तो भएर पानीमा तैरिने जीव) देखि विशाल ह्वेल जस्ता सम्पूर्ण पृथ्वीका प्राणीको संगठनात्मक अस्तित्व वा जैविक रचना हुन् । यी जीवाणुहरूलाई निर्माण गर्ने परमाणुमा समेत अणुहरूको संगठनात्मक बनावट निहित हुन्छन् । हाम्रो ग्रह पनि एउटा विशाल संस्था हो, जहाँ सबै प्रकारको चेतनशील तथा अचेतनशील प्राणीहरू जस्तैः पशु, बोट-विरूवा र प्राकृतिक श्रोतहरू युक्ति सङ्गत सम्पूर्ण पद्धति निर्माणका लागि विद्यमान छन् ।

इगेता : त्यस परिप्रेक्षमा हेर्ने हो भने, ब्रम्हाण्ड पनि एउटा संस्था हो ।

इकेदा : हो, सही हो । पृथ्वी, सौर्य मण्डल नामक संस्थाको एक हिस्सा हो, जुन आफैमा हाम्रो सूर्य जस्तै विशाल मण्डलमा २०० अरब ताराहरू समावेश रहेको अकाशगंगा (Milkyway) नामक तारा मण्डलको एक अंश हो । जब धेरै तारा मण्डलहरू एकै ठाउँमा समूहगत हुन्छन्, तिनीहरूले तारा मण्डल समूह (Galaxy cluster) अथवा उत्कृष्ट समूहरूको निर्माण गर्दछन् । ब्रम्हाण्ड त्यस्ता अनगिन्ती समूहहरूको संकलन हो । यदि हामीले अरू कुनै ग्रहको प्राणीलाई पत्र लेख्नु परेको खण्डमा, हामी आफ्नो ठेगाना सायद यसरी लेख्छौं होला

पृथ्वी ग्रह

सौर्य मण्डल

नक्षेत्र पुञ्ज, आकाश गंगा

तारा मण्डल समूह, उत्कृष्ट समूह

ब्रम्हाण्ड

यस्तै किसिमको संस्था हामी मानव समाजमा पनि देख्न सक्छौं । देश, शहर, गाउँ ब्यवसाय र विद्यालयहरू - यी सबै नै संस्था हुन् किनभने तिनीहरूलाई एकदम प्रभावकारी ढंगमा कार्य निर्वाह गर्नको निम्ति अन्तर्रक्रिया तथा समूहगत कार्यको आवश्यक पर्दछ ।

यहि कुरा खेलकुदमा पनि लागू हुन्छ । फूटबल समूह पनि एउटा संस्था हो । साथै समूहगत नभई खेलिने खेलहरू उदाहरणको लागि टेनिस, जुडो, कराँते आदिको निम्ति क्लबहरूमा अरूसंग अभ्यास तथा प्रतिस्पर्धा गर्नु पनि आफ्नो प्रतिभा निखारेर विजेता बन्न मद्दत पुऱ्याउँन सक्छ । प्रशिक्षकसंगै तालिम गर्नु, पौष्टिक आहार र अन्य कुराहरू पनि सफलताको लागि अपरिहार्य हुन्छ ।

सबै एउटा संस्था हो । जब कुनै दम्पत्ती एक हुन्छन् सुखी परिवारको निर्माणको निम्ति तिनीहरूले स्वभावतः एक संस्थाको रचना गरिरहेका हुन्छन् ।

हाम्रो स्थानीय समूदायमा पनि एक अदृष्य संस्थागत रूपरेखा अवस्थित भएको हुन्छ, जहाँ संवादवहनले साथीभाई तथा छिमेकीहरूसंग राम्रो सम्बन्ध कायम गर्न महत्वपूर्ण भूमिका निभाएको हुन्छ ।

तपाई कुनै न कुनै किसिमबाट आफ्नो वरपरका सबैसंग सम्बद्ध रहनु भएको छ जस्तै : समाज, विद्यालय, तपाईको परिवारसंग आदि । सबैजना कुनै न कुनै किसिमको संस्थाको एक अंश हुन् । आजको यस संसारमा कुनै दुर्गम पहाडी क्षेत्रमा जीवन ब्यतित गर्ने सायद, जोगि बाहेक कोही पनि विमुक्त छैन ।

यो कुरा स्वभाविक मात्र हो, किनभने जब हामी कुनै उच्च लक्ष्य हासिल गर्न अथवा कुनै उच्च उद्देश्य प्राप्तिको निम्ति आफ्नो विकास गर्न खोज्छौं, कुनै न कुनै किसिमको संस्था हामीलाई आवश्यक पर्दछ ।

सोका गाक्काई एउटा त्यस्तो संस्था हो, जसले सम्पूर्ण मानव जातीको सुख तथा शान्तिको लागि निचिरेन दाइशोनिनको बुद्धधर्मको सिद्धान्त तथा दर्शनमा आधारित भएर कोसेनरूफु जस्तो महान लक्ष्य प्राप्त गर्ने कार्य गर्दछ । यस्तो महान लक्ष्य कुनै एक ब्यक्तिको एक्लो प्रयासले मात्र हासिल गर्न

सोका गाक्काई एउटा त्यस्तो संस्था हो, जसले सम्पूर्ण मानव जातीको सुख तथा शान्तिको लागि निचिरेन दाइशोनिनको बुद्धधर्मको सिद्धान्त तथा दर्शनमा आधारित भएर कोसेनरूफु जस्तो महान लक्ष्य प्राप्त गर्ने कार्य गर्दछ ।

सकिंदैन । यो तब मात्र सम्भव हुन्छ, जब समाजका विभिन्न क्षेत्रमा रहेका व्यक्तिहरू भेला भई, आफैलाई एकताबद्ध शक्तिमा संगठित गरेर लक्ष्य हासिल गर्ने कार्य गर्दछन् ।

निचिरेन दाइशोनिनको साथमा ६ जना बरिष्ठ पुरोहितहरू थिए र शाक्यमुनी बुद्धका १० जना प्रमूख अनुयायीहरू थिए । यिनीहरूलाई पनि संस्था भन्न सकिन्छ । दाइशोनिन र शाक्यमुनी दुबैले एक सञ्जाल वा संस्थाको निर्माण गरे, जसबाट उहाँहरूले आफ्नो अनुयायीहरूको रक्षा तथा उत्थान गर्दै बुद्धधर्मको शिक्षा फैल्याउने प्रयत्न गरे ।

किमुरा : उसोभए कुनै उद्देश्यले संस्था स्थापना भएको हुन्छ ।

इकेदा : अवश्य । तर ख्याल गर्नुपर्ने कुरा यहाँ असल संस्था पनि हुन्छ र खराब पनि । जुन संस्थाले मानिसहरूलाई दुःखित तुल्याएर विनाशकारी पथतिर डोऱ्याउँछ, तिनीहरू खराब संस्थामा गनिन्छन् । उदाहरणको लागि, दोश्रो विश्व युद्धको दौरानमा जापनी सैनिक तथा नाजी जर्मनीले सञ्चालन गरेका युद्धका सामाग्री (मेशिनहरू) लाई यसै अन्तर्गत लिन सकिन्छ । यसको विपरित जुन संस्थाले विश्वभरका मानिसहरूको सम्बन्धलाई सुधार्ने प्रयत्न गर्छ, जसले मानवताको निम्ति अझ सकारात्मक तथा सिर्जनात्मक दिशातर्फ काम गर्छ, त्यस्तो संस्था नै सुयोग्य तथा सम्माननीय हुन्छ । एस.जि.आई. पनि यस्तै किसिमको संस्था हो ।

इगेता : सोका गाक्काईको संसार एक यस्तो संसार हो, जहाँ मानिसहरू एक अर्कालाई न्यानो प्रोत्साहन प्रदान गर्दछन् । विद्यालय जान छोडेको एक सदस्यलाई आफूले प्रोत्साहन तथा समर्थन गरेको विषयमा आफूले गरेको प्रयासकाबारे साईतामाका एक हाई स्कूल वर्गका सदस्यले यसरी आफ्नो अनुभव व्यक्त गरे । पहिला त उनले मद्दत गर्न चाहेको व्यक्तिले उनलाई भेट गर्न नै मनाही गरे, त्यसकारण उनले तिनलाई विद्यालयकोबारे आफ्नो रूची तथा शौख र साथै आस्था र साधनाबारे उल्लेख गर्दै पत्र लेखे । उनले यस क्रमलाई निरन्तरता दिए । एक वर्ष पछि, आखिरमा त्यस सदस्यले पनि उनालाई जवाफयुक्त पत्र पठाए, जसमा उनले आफू विद्यालय नगएतापनि दिनहुँ साधनालाई भने निरन्तरता दिएको कुरालाई उल्लेख गरेको थियो । साथै उनले त्यस युवा महिला सदस्यलाई पत्राचारलाई निरन्तरता दिन पनि अनुरोध गरे । आँखा भरी आँसु लिई त्यस युवा महिला सदस्यले आफ्नो सहृदय गरेको प्रयास सफल भएकोमा मलाई खुशी व्यक्त गरे । समस्याहरूबाट हार नमानी त्यसलाई चुनौती दिने आफ्नो साथीको भावनाबाट प्रभावित भई उनी अगाडि बढ्न र आफ्नो विकास गर्न अझ बढि दृढ भइन् ।

इकेदा : अति राम्रो । अरू व्यक्तिलाई कसरी हुन्छ, प्रोत्साहन दिने, अरू व्यक्तिलाई खुशी भएको हेर्न चाहने भावनाबाट नै सोका गाक्काईको स्वतः स्थापना भएको हो । सोका गाक्काईको स्थापना पछि मात्र यहाँ मानिसहरूले भरिएको कदापी होइन । मानिसहरू एक आपसमा बाँधिए पछि, मित्रताको बन्धन फैलिन थाल्यो र स्वभावतः सोका गाक्काई संस्थाको जन्म भयो । यसैकारण हामीले, यो कुरा ध्यानमा राख्नु पर्छ कि, मानिसहरूको निम्ति नै संस्थाको स्थापना भएको हुन्छ । संस्थाको निम्ति मानिस होइन, कृपया यो कुरालाई कहिल्यै नभुल्नु होला ।

अरु व्यक्तिलाई कसरी हुन्छ, प्रोत्साहन दिने, अरु व्यक्तिलाई खुशी भएको हेर्न चाहने भावनाबाट नै सोका गाक्काईको स्वतः स्थापना भएको हो । सोका गाक्काईको स्थापना पछि मात्र यहाँ मानिसहरुले भरिएको कदापी होइन । मानिसहरु एक आपसमा बाँधिए पछि, मित्रताको बन्धन फैलिन थाल्यो र स्वभावतः सोका गाक्काई संस्थाको जन्म भयो ।

मलाई आशा छ तपाईहरू दुःखि तथा निराश व्यक्तिहरूको लागि असल मित्र तथा समर्थक भएर जीवन समर्पित गर्नु हुनेछ । मलाई यो पनि आशा छ कि तपाईहरूले मानिसको तथा मानिसहरूको लागि बनाईएको संस्था, सोका गाक्काईलाई सम्मान दिनुहुनेछ । यसको विकासको लागि समर्थन तथा कार्य गर्नु हुनेछ । यहि मेरो तपाईहरू सबैको लागि हार्दिक अनुरोध छ ।

इगेता : चिहारू ओताका चुबु क्षेत्रका युवा महिला हाई स्कूल वर्गका लिडरले सोका गाक्काई प्रति कृतज्ञता ज्ञापन गर्दै आफ्नो अनुभव यसरी बाँडे, "सोका गाक्काईमा आफूले गरेको क्रियाकलापहरूबाट मैले आफ्नो कमजोरीहरूलाई चुनौती दिन सक्छु । यस संस्था प्रति म निकै आभारी हुनुको पछाडी पहिला म समस्याहरूबाट हडवडाउने व्यक्ति आज संधै साथीहरूको भलोका निम्ति सोच्ने र तिनीहरूको खुशीको निम्ति प्रार्थना गर्ने भएकी छुँ ।"

किमुरा : फुकुई प्रान्त (कोबे र ओसाका नजिकै) का युवा पुरूष हाई स्कूल वर्गका लिडर काजुहिरोले जनवरी १९९५ मा कोबे, ओसाका र आवाजी टापुमा ठूलो भुईचालो जाँदा, ट्रकबाट उद्धार सामाग्री पुऱ्याउनमा मद्दत गरेका थिए । त्यस संकटको घडीमा थुप्रो युवा वर्गका सदस्यहरूले रातभरी एकदम मेहनतकासाथ भूकम्प पीडित व्यक्तिहरूलाई विभिन्न अनुदानित सामाग्री जस्तै सिरक, हात तातो पार्ने वस्तुहरू आदि बाँडेका थियौं । जुन सामाग्री कोबे र ओसाकामा अबस्थित सोका गाक्काई सामूदायिक केन्द्रहरूमा सम्पूर्ण जापानबाट संकलन गरिएको सामाग्रीहरू पुऱ्याइएको थियो । यस घटनाबाट सोका गाक्काई संस्थाले साझा लक्ष्य हासिल गर्न साधारण व्यक्तिहरू एकबद्ध भई गरेको असाधारण परिश्रमबाट ज्यादै प्रभावित भएको कुरा श्री कावाकामीले बताउनु भएको थियो ।

इकेदा : किनभने ती युवाहरूले आफूले सक्दो सहयोग गर्ने चाहना राखी एक भएका थिए, तिनीहरूले महान योगदान पुऱ्याउन सक्दछन् । मानिसहरूको यस्तो असल गुण, अरूलाई सहयोग गर्ने चाहनालाई परिचालन गर्न तथा त्यसलाई उच्च मूल्य सिर्जना गर्न नै हाम्रो यो संस्थाको उद्देश्य हो । सोका गाक्काई एक यस्तो संस्था अथवा समूह हो जसको स्थापना हुनुको मूख्य उद्देश्य नै मानिसको हृदयको असल गुणहरूलाई एकिकरण गर्दै यसलाई अझ निखार्दै अथवा विकास गर्दै लैजानु हो । संस्था विना हाम्रो प्रयास युक्ति सङ्गत वा सफल हुन सक्दैन ।

असल तत्वमा समर्पित संस्थाले मानिसहरूको असल कर्म गर्ने क्षमताको बृद्धि गर्छ र असीमित विकास तथा स्वयंलाई सुधार्न मद्दत पुऱ्याउँछ । यसले मानिसहरूको प्रगतिमा कुनै बाधा पुऱ्याउँदैन अथवा उनीहरूलाई पथ भ्रष्ट तर्फ डोऱ्याउँदैन । यसले मानिसहरूलाई स्व-विकास गर्न सघाउ पुऱ्याउँदै उनीहरूलाई खुशी तथा व्यक्तिगत विकासको पथमा पुऱ्याई दिन्छ र यहि उद्देश्य पूर्ति गर्नको लागि नै हाम्रो संस्थाको स्थापना भएको हो ।

यस आधारमा, संस्था एक साधन हो । यसको अन्तिम लक्ष्य भनेको सबै मानवजातीको खुशी नै हो ।

किमुरा : जापानका लाखौं व्यक्ति तथा संसारभरका मानिसहरूले सोका गाक्काईको कारणले नै तिनीहरूले वास्तविक सुख प्राप्त गर्ने मार्ग पाएको कुरा निर्धक्क भएर भनेका छन् ।

सोका गाक्काई एक यस्तो संस्था अथवा समूह हो जसको स्थापना हुनुको मूख्य उद्देश्य नै मानिसको हृदयको असल गुणहरूलाई एकिकरण गर्दै यसलाई अझ निखार्दै अथवा विकास गर्दै लैजानु हो । संस्था विना हाम्रो प्रयास युक्ति सङ्गत वा सफल हुन सक्दैन ।

इकेदा : सोका गाक्काई अत्यन्त राम्रो संस्था हो । यो बाहेक स्वच्छ, सच्चा, न्यानो तथा सुन्दर अरू कुनै संसार होला भन्नेमा शंका छ । छैन भन्दा कुनै शंका छैन । तपाई युवा भएको कारण समाजको रूखो तथा नराम्रो पक्षबारे तपाई अनभिज्ञ हुनुहोला, र त्यसै कारण तपाईले यो संस्था साँच्चै नै कति महान छ भनेर यसको पूर्णरूपले कदर गर्न सक्नु हुन्न । तर म विश्वास दिलाउन चाहन्छु की यो जस्तो संस्था अरू कुनै छैन ।

यस महान संस्थालाई निर्माण सम्पन्न हुँदासम्म, हाम्रा सदस्यहरू साधना गरिरहनु भएका तपाईहरूका बुबा, आमाहरू समेतले आफ्नो विश्वसनीय धैर्यता तथा दृढताको साथ मानिसहरूको महान महल निर्माण गर्ने कार्यको बदलामा उनीहरूले अहंकारीहरूको न्यङ्ग्य तथा अपमान सहनु परेको थियो ।

यहाँ यस्ता पनि मानिसहरू छन्, जसले हाम्रो संस्थालाई निन्दा तथा आक्रमण गर्दछन् । तर के तिनीहरूले अरूलाई वास्तविक सुख कसरी प्राप्त गर्ने भन्ने कुरा सिकाउँछन् ? अहँ, कदापी सिकाउँदैनन् । जसले यो कुराको पहिचान गरे उनीहरूले सुखी बन्न एक अर्कालाई हौसला प्रदान गरेर दुःखिहरूलाई मद्दत गर्न एक भए । यसैको परिणाम हो सोका गाक्काई । यहि नै सत्यनिष्ठ एवं उत्कृष्ट तथ्य हो । संस्था भनेको मानवको निम्ति मानवद्वारा निर्मित वास्तविक स्वच्छ प्रजातन्त्रको निचोड हो । यो एक मात्र संस्था हो जसले निचिरेन दाइशोनिनको बुद्धधर्म न्यापकरूपमा फैलाउने कार्य गरिरहेको छ, जसले मानवजातिको गौरवमा उच्चकोटीको मान्यता कायम राखेको छ । यो सबै मानवजातीको निम्ति आशाको सूर्य हो । त्यसैकारण अध्यक्ष तोदाले सोका गाक्काई संस्था आफ्नो जीवन भन्दा पनि बढी मूल्यवान् भएको कुरा घोषणा गर्नु भएको थियो र म पनि ठीक यस्तै नै अनुभव गर्छु ।

इगेता : कतिपय न्यक्तिहरूलाई संस्थामा प्रवेश गर्नु भनेको आफ्नो स्वतन्त्रता अथवा पहिचान गुमाउनु हो भन्ने प्रभाव परेको छ । तर सोका गाक्काई त्यस्तो कदापी होइन ।

इकेदा : यहाँ यस्ता संस्थाहरू पनि छन् जसले मानिसहरूलाई आफ्नो स्वतन्त्रता तथा पहिचानबाट बञ्चित तुल्याउँछन् । तिनीहरूले आफ्नो उद्देश्य हासिल गर्नको निम्ति मानिसहरूलाई शोषण गर्दछन् । यो संस्थामा हुन सक्ने नकारात्मक पक्ष हो ।

यद्यपी, तपाईलाई संस्था मननपरे पनि, के एक्लै बस्नु स्वतन्त्रताको संकेत हो ? के तपाई बहकिनु हुन्न भनेर विश्वास दिलाउन सक्नु हुन्छ ? यसो भन्न ज्यादै कठिन छ । स्वार्थीपूर्ण भएर जिउनु तथा आफूले मनपरी गर्नु भनेको वास्तविक स्वतन्त्रता होइन, वास्तविक स्वतन्त्रता भनेको त जीवनको सही पथ हिड्नु हो ।

जस्तैः पृथ्वीले सूर्यको परिक्रमा गर्दछ । यदि उनी आफ्नो पथबाट अलिकति मात्र चुके भने पनि अनिष्ट हुनेछ । यदि एक अन्तरिक्ष यानले आफ्नो पद सही ढंगमा पछ्याए भने त्यसले विशाल ब्रम्हाण्डको यात्रा गर्दै आफ्नो गन्तब्य स्थलमा पुग्न सक्छ । यो नै सही स्वतन्त्रताको अर्थ हो ।

किमुरा : यदि हामी सही पथबाट विरायौं भने, हामी अन्तरिक्ष मै हराउन सक्छौं ।

स्वार्थीपूर्ण भएर जिउनु तथा आफूले मनपरी गर्नु भनेको वास्तविक स्वतन्त्रता होइन, वास्तविक स्वतन्त्रता भनेको त जीवनको सही पथ हिड्नु हो ।

इकेदा : हो, यो ठीक हो । खेलकुदमा पनि आफ्नै केही नियमहरू हुन्छन् । कुनै कुरा गर्नको लागि एक निश्चित प्रकृया हुन्छ । आफ्नै सुविस्ताको निम्ति नियमको उल्लंघन गर्नु स्वतन्त्रता हो र ? मलाई यस्तो लाग्दैन ! खेलकुदको नियमलाई पालना गर्दै आफ्नो शक्ति तथा सिपको भरपूर परिचालन गर्नु नै वास्तविक स्वतन्त्रता हो । कुनै लक्ष्य तथा उद्देश्य विना जिउनु, आफूलाई जति बेला जे मन लाग्यो त्यहि गर्नुहुन्छ भने, यसले तपाईलाई लापरवाही र आत्मविनाश तर्फ डोऱ्याउँछ ।

हाम्रो संस्थामा मानिसहरूको ठूलो विविद्यता छ । यसले हाम्रो ब्यक्तिगत विकासको लागि उत्प्रेरकको भूमिका निर्वाह गर्दछ । धेरैजसो खेलहरूमा एक्लै प्रशिक्षण तथा अभ्यास गरेमा, आफ्नो सही क्षमताको निर्धारण गर्न ज्यादै कठिन हुन्छ । अरू धेरै ब्यक्तिहरूको सम्पर्कबाट नै हाम्रो बृद्धि एवम् विकास हुन्छ । जापानमा तारोस (Taros) नामक पहाडी आलुहरूलाई कटानी गऱ्यो भने त्यो रूखो एवं फोहोर हुन्छ, तर जब तिनीहरूलाई बगीरहेको पानीमा संगै राखेर पखाल्छौं त्यो एक अर्कासंग बेरिन गई त्यसको छाला खुईलिएर सफा तथा चम्किलो हुनुका साथै पकाउनको लागि तयार हुन्छ । अवश्य पनि मानिसलाई आलुसित तुलना गर्नु उचित हुँदैन, तर मेरो भनाईको तात्पर्य के हो भने, हाम्रो चरित्रलाई सुधार्न एवम् निखार्नको लागि एउटै उपाय हो अरू संगको हाम्रो अन्तर्रक्रिया ।

आफैंमा मात्र सीमित भएर अरूकोबारे सोच्नु नपर्दा सुविस्तायुक्त एवं चिन्ता मुक्त लाग्न सक्छ, तर तपाई आफैंलाई एक संकुचित एवम् सीमित संसारमा बन्दित भएको पाउनु हुनेछ । आफैंलाई कुनै समूह तथा संस्थाबाट टाढा राखियो भने तपाई धेरै मानिसहरूसंगको सम्पर्कबाट बञ्चित हुनु हुनेछ र अन्त्यमा, तपाई आफ्नै अस्तित्वलाई पहिचान गर्न भौंतारिनु हुनेछ ।

संस्था विनाको कुनै पनि समाज अनियमित एवम् अनियोजित हुन्छ त्यहाँ कुनै नियम हुँदैन र परिणामको वास्ता नगरी सबैजना जे मन लाग्यो उही गर्ने गर्छन् । जसरी कुनै जहाज दिशा सूचक यन्त्र अथवा कम्पास विना समुन्द्रमा बग्दछ, या त त्यसले आफ्नो दिशा गुमाउँछ वा डुबेर त्यसको अन्त्य हुन्छ ।

बुद्धधर्म साधनाको संसारमा, म तपाईहरू सबैलाई एकैजना भएपनि आस्थामा विश्वासिलो अग्रज खोज्नुहोस् जोसंग तपाई कुनै पनि कुरा खुलस्त छलफल गर्न सक्नु हुन्छ । अध्यक्ष तोदाले पनि यहि सल्लाह दिनु भएको थियो ।

इगेता : युवा महिला हाई स्कूल वर्गका लिडर युको नाकानीवा (Yuko Nakaniwa) ले मलाई एक पटक भनेकी थिईन्, तिनी टोक्योमा आएर विश्व विद्यालयको पहिलो वर्षमा प्रवेश गर्दा कत्तिको आत्तिएकी थिईन् भनेर । त्यस समय, उनको युवा महिला वर्गका लिडरले आफ्नो ब्यस्त समयका बावजुद पनि उनी कहाँ बारम्बार भेट्न आउँथिन् । सुश्री नाकानिवाले भनिन्, उनी त्यस ब्यक्तिसंग कुनै पनि प्रकारको कुरा गर्न सक्थे र साथै यो पनि भनिन् की त्यस्तो अवस्थामा आस्थाका अग्रजहरू संगको भेट, जीवनकै सबैभन्दा ठूलो खजानाहरू हुन् ।

संस्था विनाको कुनै पनि समाज अनियमित एवम् अनियोजित हुन्छ त्यहाँ कुनै नियम हुँदैन र परिणामको वास्ता नगरी सबैजना जे मन लाग्यो उही गर्ने गर्छन् । जसरी कुनै जहाज दिशा सूचक यन्त्र अथवा कम्पास विना समुन्द्रमा बग्दछ, या त त्यसले आफ्नो दिशा गुमाउँछ वा डुबेर त्यसको अन्त्य हुन्छ ।

म व्यक्तिगत रूपमा मेरा अग्रजहरूले दिएको न्यानो प्रोत्साहन कहिल्यै भुल्न सक्दिन जुनबेला म विश्व विद्यालयको प्रवेश परिक्षामा कठिन संघर्ष र समस्याहरूको सामना गरिराखेकी थिएँ ।

इकेदा : आफूले विश्वास गर्ने व्यक्तिसंग व्यक्तिगत सम्बन्धहरूको विकास गर्नु एकदम महत्वपूर्ण छ । हामीले संस्था भन्ने शब्द प्रयोग गरेता पनि वास्तवमा यो व्यक्ति - व्यक्ति वीचको सम्बन्धहरू हुन् । यसै कारण सोका गाक्काईले हरेक सदस्यहरूको अत्यधिक समर्थन र विकास गर्ने कार्य गरेको छ र गरिरहने छ । यस कुरालाई विर्सनु भनेको मानिसहरूलाई बाध्य बनाई थिचोमिचो गर्ने संस्था बनाउनु हो ।

किमुरा : कोही मानिसले बुद्धधर्म साधनालाई निरन्तरता दिनको लागि संस्थाको आवश्यकता पर्दैन भनेर जोड गर्छन् । उनीहरू भन्छन् की यो कुरा उनीहरू आफै एक्लै पनि गर्न सक्छन् ।

इकेदा : यथार्थमा, यसो गर्नु त्यति सजिलो भने छैन । यदि एकजना व्यक्तिले एक्लै नै बुद्धधर्म साधनालाई निरन्तरता दिएतापनि, यो आफैमा मात्र सीमित साधना हुन जान्छ जसमा प्रार्थना र सीमित कर्म हुन्छ । उदाहरणको लागि, यदि कसैले एक्लै धेरै राम्रोसंग साधना गरेतापनि, त्यस व्यक्तिले अरूलाई के गऱ्यो त ? कसरी त्यस व्यक्तिले सही रूपमा अरूको मद्दत गर्न सक्छ त ?

निचिरेन दाइशोनिनले आफ्नो शिष्यहरूलाई धेरै तन, एक मनको भावना बोकेर अगाडि बढ्न सिकाउनु भएको थियो । यहि नै उहाँको स्पष्ट मार्गदर्शन थियो । उहाँले सिकाउनु भए अनुरूप काम गर्ने अनुयायीहरू नै निचिरेन दाइशोनिन बुद्धधर्मको सच्चा उपासक हुन् ।

आधुनिक अर्थमा धेरै तन, एक मन हुनु भनेको संस्था हो । धेरै तन भन्नाले हरेक मानिस फरक - फरक हुन्छन् - मानिसहरूको स्वरूप, समाजमा उसको पहिचान र आ-आफ्नै अवस्था र व्यक्तिगत लक्ष्यहरू हुन् । तर जहाँसम्म उसको मनको कुरा गर्दा - उनीहरूको मन भने एक हुनुपर्छ, हरेक व्यक्तिको उद्देश्य एउटै हुनुपर्दछ, आस्थामा एकबद्ध हुनु पर्छ ।

अर्कोतर्फ, धेरै तन, धेरै मन जसमा उद्देश्य प्रति सबैजना एक हुँदैन । यसको साथसाथै, एक तन, एक मन हुनु भन्नाले एकनास हुन, सोच्न, हेर्न र उस्तै काम गर्न मानिसलाई बाध्य गराइएको भन्ने बुझिन्छ । यो तानाशाही जस्तै हो जहाँ मानिसहरूलाई कुनै स्वतन्त्रता हुँदैन, अन्ततः यसले एक तन, तर धेरै मन भएको व्यक्ति बनाउँछ जहाँ मानिहरू एक भएको स्वांग गरेर सतहीरूपमा एउटै लक्ष्य प्रति कतिबद्ध हुन्छन् । तर यथार्थमा सोही लक्ष्यलाई मनमा राखि अगाडि बढेका हुँदैनन् ।

किमुरा : राम्रो किसिमको संस्था तब बन्छ, जब सदस्यहरू भिन्दा भिन्दै किसिमको भएतापनि उच्च लक्ष्य हासिल गर्ने उद्देश्यमा एक भएका हुन्छन् - अर्को शब्दमा, यस्तो संस्थाले धेरै तन, एक मनको भावना बोकेको संस्थाको उदाहरण दिन्छ ।

आफूले विश्वास गर्ने व्यक्तिसंग व्यक्तिगत सम्बन्धहरुको विकास गर्नु एकदम महत्वपूर्ण छ । हामीले संस्था भन्ने शब्द प्रयोग गरेता पनि वास्तवमा यो व्यक्ति - व्यक्ति वीचको सम्बन्धहरु हुन् । यसै कारण सोका गाक्काईले हरेक सदस्यहरुको अत्यधिक समर्थन र विकास गर्ने कार्य गरेको छ र गरिरहने छ ।

इकेदा : हो, धेरै तन भन्नाले हरेक व्यक्तिको आ-आफ्नै अद्वितीय क्षमता र व्यक्तित्व प्रकट गर्नु हो भने एक मन भन्नाले आस्थामा आधारीत भएर हरेक व्यक्तिले साझा लक्ष्य र उद्देश्य प्राप्त गर्न कार्य गर्नु हो । यहि नै सच्चा एकता हो ।

धेरै तन, एक मनलाई बाँसको घारीसंग तुलना गर्न सकिन्छ जहाँ बाँसको हरेक डाँठ स्वतन्त्रताका साथ अलग-अलग तुसाइएको हुन्छ, तर त्यसको जरा भने जमीनमुनी एक-आपसमा कस्सिएर बेरिएको हुन्छ । आस्थाको संसार भनेको पनि यस्तै नै हो, किनभने हामीहरूको जरा पनि एउटै हो, किनभने हामीहरूले एउटै उत्साह र उद्देश्य बोकेका छौं, हामी हरेक व्यक्ति अनन्तसम्म बढ्न सक्छौं, व्यक्तिगत विकास र कार्य सिद्धि गर्न गगन चुम्न सक्छौं । जब हरेक व्यक्तिसंग एक्लै उभिने क्षमता हुन्छ तब साँचो एकताको प्राप्ति हुन्छ - आफू एक्लै भए पनि दृढ विश्वासकासाथ अघि बढ्ने दृढता हुन्छ । तसर्थ, एक अर्कामा निर्भर हुनु भनेको धेरै तन एक, मन होइन ।

पृथ्वीले आफ्नै केन्द्रमा सूर्यलाई घुमिरहेको हुन्छ । यसरी यसले सम्पूर्ण ग्रहहरूमा समृद्ध जीवन बनाउन सूर्यको प्रकास छर्दछ । जब गोंग्यो र दाईमोकु प्रार्थना गर्दै आफ्नो लागि साधना गर्छौं तब हामी पनि केन्द्रमा घुमिरहेका हुन्छौं । अरू र समाजसंगको हाम्रो सम्बन्ध र अन्तर्रक्रियाले पृथ्वीले सूर्यलाई परिक्रमा गरे जस्तै परिक्रमापथको परिक्रमण निर्माण गर्दछ । पृथ्वीको अक्षीय परिक्रमा र सूर्यप्रतिको यसको परिक्रमणमा पारस्परिक सम्बन्ध रहेको छ । यो ब्रम्हाण्डीय नियम हो ।

हाम्रो संस्थाको गतिविधि पनि हाम्रो व्यक्तिगत "अक्षीय परिक्रमा" (Axial rotation) र अरूसंग, अरूको लागि कार्य गर्ने "परिक्रमापथको परिक्रमण"(Orbital revolution) को कार्यमा एक अर्कालाई हौसला र साथ दिंदै आफैंलाई सक्षम बनाउनु हो । यसरी हामी जीवनको सही बाटोबाट कहिल्यै विमुख हुँदैनौं ।

इगेता : हाम्रो यस्तो राम्रो संस्थामा अझै पनि सदस्यहरूले मात्र नभएर लिडरहरूले पनि साधना नगरेको कुराले दुःख लाग्छ ।

इकेदा : मलाई आशा छ, तपाईहरू सबैले काँतर भएर आस्थालाई त्यागेका र सदस्यहरूको विश्वास गुमाएका अग्रजहरूलाई उछिन्नु हुनेछ । अरू भनेको अरू नै हो र तपाई भनेको तपाई हो । तपाईको लागि महत्वपूर्ण कुरा भनेको सदस्यहरूको वास्ता नगर्ने सदस्य साथीहरूबाट प्रभावित नभएर असल व्यक्ति बन्न प्रयत्न गर्नु हो ।

दाइशोनिनको समयमा पनि अनगिन्ती अनुयायीहरूले आस्थालाई त्यागेका थिए भने उहाँको मृत्यु पछि उहाँको उत्तराधिकारी निक्को शोनिनको समयमा पनि धेरै साधकहरूले दाइशोनिनको उपदेशलाई त्यागेका थिए । साधारण अनुयायीहरूको आदर प्राप्त गरेका उच्च पूजारीहरूले पनि आस्था त्यागेका थिए ।

धेरै तन, एक मनलाई बाँसको घारीसंग तुलना गर्न सकिन्छ जहाँ बाँसको हरेक डाँठ स्वतन्त्रताका साथ अलग-अलग तुसाइएको हुन्छ, तर त्यसको जरा भने जमीनमुनी एक-आपसमा कस्सिएर बेरिएको हुन्छ । आस्थाको संसार भनेको पनि यस्तै नै हो, किनभने हामीहरूको जरा पनि एउटै हो, किनभने हामीहरूले एउटै उत्साह र उद्देश्य बोकेका छौं ।

सोका गाक्काईमा पनि जब अध्यक्ष माकिगुचीले दोश्रो विश्व युद्ध ताका जापानी सैनिक शासन विरूद्ध आवाज उठाएको कारण जेलमा बन्दी भई बस्नु पर्दा धेरैजसो लिडरहरूले आफ्नो आस्था चाँडै नै त्यागेका थिए । अध्यक्ष तोदाको समयमा पनि, सोका गाक्काईले छोटो समयमा नै तिब्र रूपमा गरेको विकासको कारणले भएको नकारात्म ख्याती प्रति चिन्तित भएर धेरैले विना कारण साधना गर्न छोडेका थिए ।

जो जीवनभर बुद्धधर्म साधनामा लागिरहन्छन् उनीहरू नै निचिरेन दाइशोनिनका सच्चा साधकहरू हुन् जसले गोहोन्जोनलाई अंगाल्छ र जस्तोसुकै समस्या आइपरेतापनि आफ्नो साधनालाई निरन्तरता दिन्छ भने त्यो व्यक्ति नै निचिरेन दाइशोनिनको सच्चा शिष्य हो । यस किसिमका सदस्यहरू नै सोका गाक्काईका सदस्यहरू हुन् ।

पहिलेको दाँजोमा, आजको समाजका मानिसहरू निकै स्वर्थी, गैर जिम्मेवार र अनुशासनहीन भएका छन् । यस दिशाहीन समयमा आफ्नो बुद्धधर्म साधनालाई दृढ प्रणकासाथ कायम राख्नु भनेको साँच्चै उत्तम कुरा हो ।

कतिपयले संस्थालाई लगाएको दुरूपयोगको र आलोचनाको आक्षेपबाट प्रभावित भई छोडेकाहरू छन् । तर निचिरेन दाइशोनिनले घोषणा गर्नु भएको छ, हाम्रो आस्था आगो जस्तै हुनु हुँदैन, जुन एक छिन दन्किने र निभ्ने हुन्छ । हाम्रो आस्था निरन्तर बगिरहने पानी जस्तो हुनुपर्छ । महत्वपूर्ण कुरा भनेको जस्तोसुकै वातावरण, अवस्था र समाजको स्थिति भएतापनि निरन्तर दाइमोकु प्रार्थना गर्ने र कोसेनरूफुलाई अगाडि बढाउने बलियो आस्था हुनु हो ।

इगेता : एकजना साह्रै अहंकारी र घमण्डी अग्रज लिडरहरूलाई भेट्दा आफू साह्रै निराश भएको कुरा एकजना छात्राले भनिन् ।

इकेदा : अहंकारी लिडर जसले सोका गाक्काईलाई न्यक्तिगत लाभ वा सन्तुष्ट पाउनको निम्ति प्रयोग गर्न कोशिस गर्नेहरूलाई अध्यक्ष तोदाले नराम्ररी गाली गर्नुभयो । उहाँ भन्नुहुन्छ, लिडरहरूले आफूलाई सदस्यहरूको सेवक मान्नु पर्दछ र अहंकारी लिडरहरूलाई संस्थाको पदबाट निकाल्नु उचित हुन्छ ।

लिडरहरूले सदस्यहरूको निम्ति कार्य गर्नु पर्दछ । सदस्यहरूको खुशीको निम्ति कार्य गर्नु उनीहरूको कर्तब्य हो । यस जिम्मेवारीलाई भुल्ने लिडरहरूले आस्थाको चमकलाई गुमाइसकेका छन् र आफ्नो साधनालाई त्याग्ने तर्फ लागि सकेका हुन्छन् ।

सोका गाक्काईमा लिडर र सदस्यहरू वीचको सम्बन्ध ठाडो (माथि र तल) हुँदैन । लिडरले केवल जिम्मेबारी लिएर कार्य सफल गर्न मुख्य भूमिका खेल्ने कार्य गर्दछ ।

संस्थामा लिडरहरूको पद अन्तत, मात्र एउटा बनाइएको शीर्षकहरूको गुच्छा हो । आस्था नै महत्वपूर्ण कुरा हो । जुनसुकै नेतृत्व लिएता पनि आस्था विना लाभ प्राप्त हुने छैन । यो आफ्नो साधना छोड्नु जस्तै हो । यस्तो लिडरहरूले सदस्यहरूको सच्चा आस्था र सोका गाक्काईबाट फाइदा

लिडरहरूले सदस्यहरूको निम्ति कार्य गर्नु पर्दछ । सदस्यहरूको खुशीको निम्ति कार्य गर्नु उनीहरूको कर्तव्य हो । यस जिम्मेवारीलाई भुल्ने लिडरहरूले आस्थाको चमकलाई गुमाइसकेका छन् र आफ्नो साधनालाई त्याग्ने तर्फ लागि सकेका हुन्छन् ।

लिइराखेको हुन्छ । दाइशोनिनले यस्तो व्यक्तिहरूको निन्दा अवश्य गर्नुहुन्छ ।

इगेता : केवल औपचारिकताको लागि मात्र सञ्चालन भएका कुनै ठोस निचोड र मूल्य नभएको सभाहरूमा सहभागी हुनु के आवश्यक छ भनेर सोध्नेहरूलाई तपाई के भन्नुहुन्छ ?

इकेदा : सार नै नभएको वा आफ्नो आत्म सन्तुष्टिको लागि आफ्नो प्रभुत्त्व जमाउने खालको सभामा सहभागी हुँदा मलाई दुःख लाग्छ । सफल सभा सञ्चालन गर्ने जिम्मेवारी त्यसको योजना र तयारी गर्ने व्यक्तिहरूको हो ।

यद्यपी, हरेक कुरा तपाई आफूमा नै भर पर्छ भनेर बुझ्नु जरूरी छ । यदि तपाईले आफूले सक्दो केही न केही सिक्छु भनेर सभामा जानु भयो भने तपाईले केही न केही सिक्नु नै हुनेछ । सभामा सहभागी भई केही कुरा नसिकि यत्तिकै फर्कनु भयो भने त्यो तपाईको लागि नोक्सान हुनेछ ।

> हरेक कुरा तपाईं आफूमा नै भर पर्छ भनेर बुझ्नु जरुरी छ । यदि तपाईंले आफूले सक्दो केही न केही सिक्छु भनेर सभामा जानु भयो भने तपाईंले केही न केही सिक्नु नै हुनेछ । सभामा सहभागी भई केही कुरा नसिकि यत्तिकै फर्कनु भयो भने त्यो तपाईंको लागि नोक्सान हुनेछ ।

अझ, तपाई आफैं एकचोटी सभाको योजना बनाउनेमा सहभागी हुनुहोस् अनि तपाईले बुझ्नु हुन्छ की अरूको आलोचना गर्न कति सजिलो छ तर साँच्चिकै प्रेरणादायी र सफल सभा सञ्चालन गर्न कति चुनौतीपूर्ण रहेछ भनेर । महत्वपूर्ण कुरा के हो भने यदि तपाईंलाई सभा दिक्क वा अप्रभावकारी लागिराखेको छ भने त्यसलाई प्रभावकारी बनाउन तपाई आफैं प्रयास गर्नुहोस् । संस्था भनेको साधन हो, साध्य होइन, यो निपूर्ण छैन ।

मैले साधना गर्दा म सोका गाक्काई संस्था देखि खुशी थिएन । त्यतिबेला, हामी कुनै संस्कृति वा सांस्कृतिक क्रियाकलापमा संलग्न थिएनौं र त्यतिबेला यो संस्था जुन अवस्थामा थियो त्यो मलाई मनपरेको थिएन । यस कुरालाई विचार गरेर अध्यक्ष तोदाले मलाई भन्नुभयो, "यदि तिमीलाई त्यस्तो लाग्छ भने, तिमी आफूले चाहेको संस्था किन सिर्जना गर्दैनौं त ? परिश्रम र लगनशीलताका साथ समर्पित भएर तिम्रो आफ्नै प्रयासले आदर्श संस्थाको निर्माण गर ।"

किमुरा : तपाईलाई त्यसरी प्रोत्साहन दिने अध्यक्ष तोदाको महान उदारतालाई म महशुस गर्न सक्छु । तपाईले उहाँको सुझावलाई अविलम्ब व्यवहारमा उतार्नु भएको कुरा अति नै प्रभावकारी छ ।

इगेता : यस बुद्धधर्मले स्वावलम्बि हुनु जरूरी छ भन्ने कुरा सिकाउँछ, मलाई लाग्छ हामी सबैले राम्रो परिवर्तन ल्याउनको निम्ति आफूले सक्दो प्रयास गर्नु पर्दछ ।

इकेदा : यो तपाईहरूको जस्तो संस्था विद्यालय वा परिवारमा पनि लागू हुन्छ । विद्यालय भनिने संस्थाको सदस्य भएपछि तपाईले यसलाई राम्रो बनाउने प्रण गर्नु पर्दछ । तपाईको परिवार, संस्थाको सदस्य भएको नाताले तपाईले आफूले सक्दो राम्रो वातावरण सिर्जना गर्न सक्दो प्रयास गर्नुपर्दछ । यस्तो भावना हुनु महत्वपूर्ण हुन्छ । यो एउटा सामान्य समझदारी पनि हो र बुद्धधर्म सामान्य समझदारीसंग मेल खान्छ । "म परिवर्तनको लागि गतिशिल शक्ति बन्ने छु ।" भन्ने विचारधारा राख्नु भनेको निचिरेन दाइशोनिनको बुद्धधर्मको सही रूपमा साधना गर्नुको अर्थ हो ।

निचिरेन दाइशोनिनको उपदेशहरूलाई गहन रूपमा बुझ्न र अरूलाई पनि बुझाउन कोसेनरूफुको लागि समर्पित हाम्रो संस्थाको सिर्जना भएको थियो ।

इगेता : त्यस्ता धेरै विद्यार्थीहरू छन् जसले आफ्नो मिल्ने साथीहरूलाई आफूले गरेको बुद्धधर्म साधनाबारे भन्न चाहन्छन् तर कसरी भन्ने भनेर उनीहरू आफैं अल्मलिन्छन् ।

इकेदा : आफूले जानेको अनुसार भन्नुस् । धार्मिक स्वतन्त्रता सबैलाई छ, त्यसैले यदि हामीलाई कसैसंग आस्थाबारे कुरा गर्न मन लागेमा हामीलाई कसैले पनि प्रतिबन्ध लगाउन सक्दैन ।

हामीले याद राख्नुपर्ने कुरा, हरेक कुराको उचित समय आउछ । उदाहरणको लागि, यदि तपाई कुनै औपचारिक रात्री भोजमा जानुहुन्छ भने त्यहाँ एकैचोटी मुख्य खाना पस्किदियो भने तपाई अचम्मित हुनुहुनेछ किनभने अक्सर न्यवहारिकता अनुसार पहिला सलादबाट भोक जगाउने खाना पस्किने चलन छ । जब तपाई कसैको घरमा भेट्न जानु हुन्छ, त्यति बेला तपाई असभ्य भएर घर भित्र जानु हुन्न, घरको मान्छे आएर ढोका नखोलेसम्म र भित्र नबोलाएसम्म तपाई पर्खिनु हुन्छ ।

त्यस्तै गरि, बुद्धधर्मको बारेमा कसैसंग कुरा गर्न मन छ भने पनि त्यसको उचित तरिका हुन्छ । तपाई आफ्नो साथीलाई भन्न सक्नु हुन्छ की, "म बुद्धधर्म साधना गर्छु । यो अगाध दर्शनशास्त्र हो जसले जीवन र ब्रम्हाण्डको प्रकृति जस्ता धेरै महत्वपूर्ण कुराहरूकोबारे सिकाउँछ । बुद्धधर्मद्वारा तिमीले विद्यालयमा नपढेका आधारभूत र निकै गहन कुराहरू बुझ्न सक्छौं । यस दर्शनले हाम्रो जीवनमा गहिरो मूल्य र विशेषता बोकेको छ । के तिमी यस बुद्धधर्मको दर्शनबारे कुनैबेला कुरा गर्न चाहन्छौं ? वा के तिमी यसबारे केही पढ्न चाहन्छौं ? यदि उनीहरूलाई रूचि छैन भनेता पनि, उनीहरूले तपाईद्वारा यस बुद्धधर्मसंग सम्बन्ध बनाइसक्यो र एकदिन अवश्य नै यस सम्मुख आउने छन् । हामीले यसरी नै सदस्य साथीहरूलाई प्रोत्साहन गर्नु पर्दछ ।

अधैर्य हुनु जरूरी छैन । आस्था भनेको जीवनभरको प्रकृया हो, यसले भूत, वर्तमान र भविष्यका तीनै अस्तित्वलाई बनाउँछ । महत्वपूर्ण कुरा, भनेको धेरै साथीहरू बनाएर त्यस सम्बन्धलाई बलियो बनाउनु हो । अरूलाई बुद्धधर्ममा परिचित गराउने र कोसेनरूफुको लागि प्रयास गर्नु भनेको मित्रताको भावनालाई विस्तार गर्नु हो जसमा आफूले ख्याल राख्ने गरेको मान्छेहरू खुशी भएको हेर्न चाहन्छौं ।

किमुरा : विद्यार्थीहरूको हालको अवस्थालाई देखेर अरूले सोका गाक्काईको बारेमा नकारात्मक धारणा राख्लान् भनेर उनीहरू बुद्धधर्मबारे अरूसंग कुरा गर्न संकोच मान्छन् । उनीहरू आफू जीवनमा केही नबनेसम्म र आस्थाको नमूना नबनेसम्म पर्खिने कुरा गर्दछन् ।

इकेदा : यो न्यक्ति - न्यक्तिमा निर्भर गर्दछ । यी विद्यार्थीहरूले सोचे जस्तै, महत्वपूर्ण कुरा भनेको आफ्नो दैनिक जीवनमा आस्थाको वास्तविक प्रमाण देखाउनु हो । तर यस्तो भन्दैमा आफू जस्तो छैन त्यस्तो हुने स्वाङ गर्नु पर्दैन । आफू जस्तो छ त्यस्तै भएर, एकदम स्वभाविक

महत्वपूर्ण कुरा भनेको धेरै साथीहरू बनाएर त्यस सम्बन्धलाई बलियो बनाउनु हो । अरूलाई बुद्धधर्ममा परिचित गराउने र कोसेनरूफुको लागि प्रयास गर्नु भनेको मित्रताको भावनालाई विस्तार गर्नु हो जसमा आफूले ख्याल राख्ने गरेको मान्छेहरू खुशी भएको हेर्न चाहन्छौं ।

तरिकाले हृदय देखिनै आफ्नै भाषामा, तपाईले बुद्धधर्मको बारेमा कुरा गरे ठिक हुन्छ । आस्थाको उद्देश्य तपाई आफूले आफूलाई अरूको दृष्टिमा राम्रो बनाउनु होइन । अरू प्रति करूणामयी हुनु भनेको उनीहरूले तपाईलाई जस्तोसुकै सोचेतापनि उनीहरूको खुशीको लागि सच्चा मनले प्रार्थना र त्यही अनुरूप कार्य गर्नु हो । उनीहरूले तपाईको इमान्दारीतालाई त्यही समयमा नबुझ्न सक्छ तर यदि तपाई आफ्नो प्रयासमा सच्चा हुनुहुन्छ भने एक न एक दिन उनीहरूले समस्याको समयमा मद्दत र हौसला दिने मित्र भनी संम्झने छन् । अवश्य पनि यहि नै जीवन जीउनुको सहि तरिका हो ।

किमुरा : कतिपय विद्यर्थीहरू आफ्नो पढाई र अतिरिक्त क्रियाकलापमा ब्यस्त हुने हुँदा उनीहरूसंग गाक्काई हाई स्कूल वर्गको गतिविधिमा सहभागी हुने समय नभएको कुरा बताउँछन् ।

इगेता : केही विद्यार्थीहरू, आफ्नो शिक्षण शुल्क तिर्नको निम्ति फूर्सदको समयमा काम (नोकरी) गर्नुमा ब्यस्त हुन्छन् ।

इकेदा : यी सबै कुराहरू महत्वपूर्ण छन् । कडा मेहनत गरेर ती सबै कुरामा आफूले सक्दो कोशिस गर्नु नै तपाईको चुनौती हो । यदि सबै कुरा सजिलो भयो भने चुनौती भनेकै हुँदैन । जति ठूलो चुनौती हुन्छ, सफलता हासिल भएपछि, त्यति नै बढी आनन्द र परिपूर्ति महशुस हुन्छ । आफूले सक्दो राम्रो काम गर्न प्रयत्न गरेमा हामी विजयी हुन सक्छौं, महान ब्यक्ति हुन सक्छौं । कडा हुरीवतासमा बोट बिरूवाहरूको जरा झन् दरो हुने गरि हुर्किन्छ । सबै कुरा यस्तै किसिमले चल्छ । चुनौती विना, हामी अल्छी र विग्रने हुन्छौं, हाम्रो जीवन खोक्रो र निरर्थक हुन्छ । खोत्रो जीवन दुःखी हुन्छ ।

इगेता : कोही विद्यार्थीहरूले अध्ययन नै अहिलेको समयमा उनीहरूको जीवनमा महत्वपूर्ण थान्छन्, आस्थाको साधना गर्नु जरूरी मान्दैनन् । मलाई यो सही छ जस्तो लाग्दैन, होइन र ?

इकेदा : अध्ययन वा आस्थामा कुन महत्वपूर्ण कुरा हो ? दुबै महत्वपूर्ण छन् । दुबै भिन्दै तरिकाले महत्वपूर्ण छन् । आस्था हाम्रो आधारभूत आधार हो, रूखको जरा जस्तै हाम्रो जरा हो । जसरी जराबाट फेद, हाँगाविङ्गा पात र फूलहरू हुर्कन्छन् त्यसरी नै यसले मानव जीवनको विविद्य क्रियाकलापहरूलाई प्रतिनिधित्व गर्दछ । हाई स्कूल वर्गका सदस्यहरूको लागि, अध्ययन भनेको फेद हो - तपाईको पहिलो प्राथमिकता । त्यसपछि सबै हाँगाविङ्गा र अरू त्यसपछि आउँछन् ।

आस्था हाम्रो जीवनलाई विकास गर्ने इन्जीन हो । तर अघि बढ्नको निम्ति ठोस प्रयास गरेनभने, त्यस इन्जीनले काम गर्दैन । विद्यार्थीहरूको लागि अघि बढ्नु भनेको अध्ययन गर्नु हो । तपाईंले, प्रार्थना र आस्थासंग सम्बन्धि क्रियाकलापहरू गरेतापनि, यदि तपाई आफ्नो अध्ययनमा चुनौती दिनु भएन भने, तपाई कतै नगुड्ने बन्द गाडी जस्तै हुनु हुनेछ । साधारणतयाः विद्यार्थीहरूको लागि आस्था तपाईको आधार हो र अध्ययन तपाईको प्राथमिकता हो ।

कडा मेहनत गरेर ती सबै कुरामा आफूले सक्दो कोशिस गर्नु नै तपाईंको चुनौती हो । यदि सबै कुरा सजिलो भयो भने चुनौती भनेकै हुँदैन । जति ठूलो चुनौती हुन्छ, सफलता हासिल भएपछि, त्यति नै बढी आनन्द र परिपूर्ति महशुस हुन्छ । आफूले सक्दो राम्रो काम गर्न प्रयत्न गरेमा हामी विजयी हुन सक्छौं, महान व्यक्ति हुन सक्छौं ।

किमुरा : उसोभए, हाम्रो जीवनलाई आस्थामा आधारित गर्दा, हाम्रो अध्ययनमा मिहेनत गर्नु आवश्यक छ ।

इकेदा : ठीक हो । अध्ययन गर्नुको उद्देश्य के हो ? यसले हामीलाई न्यवहारिक क्षमता वा ज्ञान हासिल गर्न सक्षम बनाउँछ जसले गर्दा हामीहरूले समाज तथा धेरै मानिसहरूको सुख र हितको निम्ति योगदान पुऱ्याउन सक्छौं । आस्थाको उद्देश्य के हो ? आफू खुशी भएर अरूलाई पनि खुशी बनाउनु हो । आस्था गतिशिल शक्ति हो जसले अध्ययनबाट हासिल गरेका कुराहरूलाई न्यवहारमा उतार्न र मानिसहरूलाई विशुद्ध सेवा गर्न मद्दत दिन्छ ।

केवल विश्वविद्यालयको प्राध्यापक वा वकिल हुँदैमा ऊ महान वा सम्मानको लायक बन्दैन । त्यो त उक्त पदमा बसिसकेपछि उनीहरूले अरूको लागि कति मद्दत गऱ्यो त्यसमा भर पर्छ ।

जसले धेरै मानिसहरूलाई प्रोत्साहन दिएर उनीहरूलाई खुशी बनाउन मद्दत गर्छ उनीहरू महान व्यक्ति हुन् । यसर्थमा, कोसेनरूफुको उद्देश्य हासिल गर्नको निम्ति सोका गाक्काईमा सक्रिय भूमिका निर्वाह गरिरहेका व्यक्तिहरू सबैभन्दा आदरर्णीय हुन्छन् । कोसेनरूफुको लागि समर्पित तपाईको अभिभावकहरू अन्य ख्याति प्राप्त व्यक्ति वा राजनैतीक लिडर भन्दा बढी आदरर्णीय हुन्छन् । मानिसहरूलाई साँचो खुशी प्रदान गर्न हाम्रो संस्थाका सदस्यहरूले अठोट लिएर काम गरेका छन् । मलाई आशा छ, तपाईहरू संधै सोका गाक्काईको यस भावनालाई सम्झनु हुन्छ ।

तपाईहरू सानो छँदा, तपाईहरूलाई घरमा राखेर तपाईका अभिभावकहरू कोसेनरूफुको क्रियाकलाप गर्न बाहिर जानु हुँदा सायद तपाईंले एक्लो अनुभव गर्नुभयो होला । मलाई विश्वास छ की तपाईको अभिभावकलाई पनि तपाईसंगै घरमा बस्नु निकै आनन्द लाग्थ्यो । अरूको दुःखलाई वास्ता नगरि खाली आफू र आफ्नो परिवारको खुशी र आनन्दको लागि मात्र सोच्नु स्वार्थ हुनेछ, भनेर उनीहरूले दाइशोनिनको उपदेशलाई फैलाउन संधै बाहिर-बाहिर गई अथक कार्य गरिरहन्छन् । यस तथ्यलाई बुझ्ने र कदर गर्ने व्यक्ति नै परिपक्व व्यक्ति हो ।

तपाईहरू हरेकले आफ्नो पूर्ण क्षमता प्रदर्शन गरेर समाजको हरेक क्षेत्र र विश्वभरि नै अगुवा व्यक्ति बनेर कार्य गर्दै उज्ज्वल भविष्यमा रमाएको हेर्ने मेरो सपना छ ।

यदि तपाईले ख्याति र पद मात्र पाउन खोज्नु भयो भने, तपाई आजभोलिका नेताहरू भन्दा कुनै फरक हुने छैन । त्यसैले, तपाई मानिसको लागि काम गर्ने भाव बोकेको लिडर हुनु अति आवश्यक छ । जब विश्व नै यस्तो मानवतावादी लिडरहरूको कार्यले उज्यालो हुनेछ, कोसेनरूफुको समय आइपुग्ने छ । त्यो एउटा आदर्श समाज हुनेछ । यस्तो खालको भावना विकास गर्ने एउटै उपाय आस्था हो, जुन सोका गाक्काईको संस्थामा आफूले आफूलाई उत्कृष्ट बनाउँदै चरित्र निखार्दै गर्नसक्नु हुन्छ ।

जसले धेरै मानिसहरूलाई प्रोत्साहन दिएर उनीहरूलाई खुशी बनाउन मद्दत गर्छ उनीहरू महान व्यक्ति हुन् । यसर्थमा, कोसेनरूफुको उद्देश्य हासिल गर्नको निम्ति सोका गाक्काईमा सक्रिय भूमिका निर्वाह गरिरहेका व्यक्तिहरू सबैभन्दा आदरर्णीय हुन्छन् ।

शब्द व्याख्यान

पृथ्वीका बोधिसत्वहरुः नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नुको साथै प्रचार गर्नेहरू। "पृथ्वी" भनेको बुद्ध प्रकृति हो र "बोधिसत्व" भनेको अरूहरूको निम्ति सहयोग गर्न आफ्नो जीवन समर्पित गर्ने व्यक्ति हुन्।

बुद्धः सम्पूर्ण जीवनको सत्य प्रकृतिलाई अनुभूति गर्ने र अरूलाई पनि उस्तै बोधिज्ञान प्राप्त गर्ने तर्फ डोऱ्याउने व्यक्ति हुन्। सम्पूर्ण मानवमा बुद्ध प्रकृति विद्यमान रहेको हुन्छ र विवेक, साहस, करूणा र जीवन-शक्तिको गुणहरूद्धारा चित्रण हुन्छ।

दाइमोकुः शाब्दिक अर्थमा "शीर्षक" हो। नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना वा वन्दना गर्ने भन्ने बुझिन्छ।

गोशोः शाब्दिक अर्थमा "महान आदरको उल्लेखनिय लेख": निचिरेन दाइशोनिनको लेखहरू।

मानव क्रान्तिः एक व्यक्तिको अन्तर्रजीवनमा आएको गहन परिवर्तनले समाज र प्राकृतिक वातावरणलाई नै परिवर्तन गर्न सक्ने प्रभावको धारणा हो।

इचिनेन सान्जेनः शाब्दिक अर्थमा "एक पलमा तीन हजार संसारमा निहित हुनु।" बौद्ध विद्वान र पुजारी तियनताइद्वारा प्रतिपादन गरिएको दर्शनशास्त्रीय प्रणाली हो जसले दैनिक जीवन र आधारभूत सत्य वीचको सम्बन्धलाई वर्णन गर्दछ।

कर्मः आफ्नो जीवनमा गरेका कार्य र त्यसका असरहरूको संकलन जुन जीवनको गहिराइमा रहेको हुन्छ र जसले भविष्यमा अक्सर अदृष्य प्रभावको रूपमा कार्य गर्दछ।

कोसेनरुफुः शाब्दिक अर्थमा, "वृहत् रूपमा (बुद्धधर्म) लाई फैलाउनु हो।" निचिरेन दाइशोनिनको बुद्धधर्मको प्रचार-प्रसारद्वारा सम्पूर्ण मानव जातिको सुख र दिगो शान्ति हासिल गर्नु।

सद्धर्मपुण्डरीक सुत्रः शाक्यमुनि बुद्धको उच्च शिक्षा जसमा शाक्यमुनिले प्रत्यक्ष रूपमा आफ्नो बोधिज्ञान देशना गर्नुभएको छ र उहाँको पहिलेको उपदेश केवल प्रारम्भिक भएको र उपेक्षा गर्नु पर्दछ भनेर घोषण गर्नु भएको छ।

निचिरेन दाइशोनिन (१२२२-१२८२): मौलिक बुद्ध। बुद्धधर्मको सत्य कारकका संस्थापक जसले अप्रिल २८, १२५३ मा पहिलो चोटी नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना गर्नुएको थियो।

सोका गाक्काईः शाब्दिक अर्थमा, "मूल्य सिर्जनाको निम्ति समाज हो।" निचिरेन दाइशोनिनको बुद्धधर्मको संस्थाको नाम हो।

दश संसारः हरेक व्यक्तिमा निहित जीवनको दश सम्भाव्य अवस्थाहरू हुन् जसबाट क्षण क्षण्मा उक्त व्यक्ति गुज्रिरहन्छ। तिनीहरू, नर्क, भोक, रीस, पशुत्व, मानवता, स्वर्ग, शिक्षा, बोध, बोधिसत्व र बुद्धत्व हुन्।

गोहोन्जोनः निचिरेन बुद्धधर्ममा समर्पणको वस्तु। यसमा नाम् म्योहो रेङ्गे क्यो को नियम समाविष्ट हुन्छ जसले सम्पूर्ण जीवनमा व्याप्त गर्दछ र सबै मानिसहरूमा विद्यमान बुद्धत्वको जीवनावस्थालाई अभिव्यक्त गर्दछ। गोहोन्जोनलाई नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नाले हामी भित्र विद्यमान बुद्धत्वलाई उजागर गर्न समर्थ हुन्छौं। "गो" भन्नाले "आदर्णीय" र "होन्जोन" भन्नाले "आदरको आधारभूत वस्तु" हो।

नाम् म्योहो रेङ्गे क्योः निचिरेन बुद्धधर्ममा प्रतिपादित ब्रम्हाण्डको आधारभूत नियम, जसले जीवनको सही पक्षलाई अभिव्यक्त गर्दछ। यसको प्रार्थना गर्नाले मानिसहरूमा विद्यमान बुद्ध प्रकृतिलाई उजागर गर्दछ र यो एस.जि.आई. का सदस्यहरूको प्रमुख साधना हो। यद्यपि, नाम् म्योहो रेङ्गे क्यो को गहिरो अर्थ यसको साधना गरेपछि मात्र प्रकट हुन्छ तर यसको शाब्दीक अर्थः नाम् (समर्पण), बुद्धधर्मको साधना गर्ने कार्य; म्योहो (अद्भूत धर्म), ब्रम्हाण्डको आवश्यक नियम र यसको प्रकट; रेङ्गे (सद्धर्म), कारण र असरको परस्परता; क्यो (बुद्धको उपदेश), सम्पूर्ण गतिविधि हुन्।

New Human Revolution Series

Vol 1- Vol 20 ₹ 275 EACH

Human Revolution Series

Vol 1-3	₹ 375
Vol 4-6	₹ 375
Vol 7-8	₹ 375
Vol 9-10	₹ 375
Vol 11-12	₹ 400

Eternal Ganges Press Pvt. Ltd.
E-15, 4th Floor, Hauz Khas Market, Hauz Khas, New Delhi - 110016
Phone: 011-46109201, 011-46109203-09
In case of any queries please write to:
sales@eternalganges.com

[All rates are in Indian Rupees]

HIMALAYAN PEACE SERVICE

प्रकाशनः
हिमालयन पिस सर्भिस